

निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
epratekdaily.com

PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com



गलत सूचनाको सम्प्रेषण अपराध हो, त्यसैले सूचनाको तोडमरोड नगरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



❖ वर्ष ३४ ❖ २०७७ फागुन ०८ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 February 20 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १७६


# पोखरी उत्खननको नाममा वन र खोलाको दोहन

प्रस, पंचगावाँ, ७ फागुन/

निजी जग्गामा पोखरी बनाउने स्वीकृति लिएर सखुवाप्रसौनी गाउँपालिका–१ जमुनियामा खोला र राष्ट्रिय वनमा अनधिकृत उत्खनन गरेको भन्दै स्थानीयले रोक लगाएका छन् ।



उत्खननमा रोक लगाउँदै स्थानीय र पोखरी खन्न प्रयोग भएको एक्साभेटर । तस्वीरः प्रतीक

लक्ष्मण सहनी र अशोक साहले आफ्नो निजी ४ बिघा जग्गामा पोखरी निर्माणको लागि ६ महीनादेखि एक्साभेटर लगाएर जग्गा खन्ने काम गर्दै आएका छन् । सो जग्गा जमुनिया खोला र जङ्गल क्षेत्रसँग जोडिएको कारण त्यहाँबाट ढुङ्गा, बालुवा उत्खनन भइरहेको छ । त्यहाँ निजी जग्गाबाहेक पनि एक्साभेटर लगाएर राष्ट्रिय वन र खोलाको दोहन भएको भन्दै स्थानीयले आज उत्खननमा रोक लगाएका छन् । स्थानीय वासुदेव महतो थारूको अगुवाइमा पचासौंजनाले तीनवटा टिपर र एउटा एक्साभेटरलाई नियन्त्रणमा लिंदै निजी जग्गामा पोखरी खन्ने काममा रोक लगाएका थिए ।

रोक लगाउने थारूले जिल्ला प्रशासन कार्यालयबाट निजी जग्गामा पोखरी बनाउने काम मापदण्ड अनुसार भए–नभएको अनुगमन गरिएपछि मात्र खुला गर्नुपर्ने माग गरेका थिए ।

विवाद बढेपछि स्थानीय प्रहरी, डिभिजन वन कार्यालयका प्रतिनिधि र पोखरी खन्ने सहनी र साहको रोहबरमा तीन दिन काम स्थगन गर्ने र जिल्ला प्रशासन कार्यालयको अनुगमनपछि मात्र निर्णय गर्ने सहमति भएको छ । निजी जग्गाबाट उत्खनन भएका बालुवा, गिट्टीमा स्थानीय सखुवाप्रसौनी गापाले टचाक्टर र टिपरबापत शुल्क लिंदै आएको छ ।

सो शुल्कमध्ये चालीस प्रतिशत प्रदेश सरकार र साठी प्रतिशत स्थानीय तहलाई उपलब्ध हुने गरेको छ । निजी जग्गाको नाममा ६ महीनादेखि चार बिघा जग्गामा पोखरी खन्ने काम भइरहेको छ । जमुनिया खोला र राष्ट्रिय वनको जग्गाबाट गिट्टी, बालुवाको दोहन गर्न लामो समयसम्म पोखरी खन्ने कामलाई निरन्तरता दिंदै आएको देखिन्छ ।

# चुरिया सुरुङमार्ग पुनर्निर्माणको तयारी

प्रस, मकवानपुर, ७ फागुन/

प्रदेश–२ को बारा र वाग्मती प्रदेशको मकवानपुरलाई जोड्ने चुरियामाई सुरुङमार्ग आजभन्दा १०४ वर्षअघि बनेको हो । सन् १९१७ मा राणा प्रधानमन्त्री चन्द्रशम्शेरको पालामा निर्माण भएको यो सुरुङमार्ग एशियाकै पहिलो सुरुङमार्ग हो ।



तस्वीरः फाइल

वाग्मती प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयको यातायात पूर्वाधार निर्देशनालयले करीब पाँच करोड रुपैयाँको लागतमा सुरुङमार्गको पुनर्निर्माण तथा मरम्मत सम्भार गर्ने भएको छ । निर्माण सम्पन्न गर्न सक्ने ठेकेदार कम्पनीलाई प्रस्ताव प्रस्तुत गर्न आह्वान गरेको प्रदेशका यातायात पूर्वाधार निर्देशनालयका प्रमुख डा सहदेवबहादुर भण्डारीले जानकारी दिएका छन् । उक्त मार्गबाट विसं २०२० सम्म सवारी आउजाउ हुने गरेको अग्रजहरू बताउँछन् ।

चुरियामाई सुरुङमार्गको पुनर्निर्माणका लागि वाग्मती प्रदेश सरकारले बिहीवार बोलपत्र आह्वान गरेको हो । प्रदेश सरकारले उक्त सुरुङमार्गको पुनर्निर्माण गरेर पर्यटकीय क्षेत्रका रूपमा विकास गर्ने योजना अघि सारेको छ । सुरुङमार्गसँगै सुन्दर टोनी हेगन उद्यानलगायतको संरचना निर्माण गरिने प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री रामेश्वर फुयाँलले सञ्चारकर्मीलाई जानकारी दिए ।

प्रदेशका मुख्यमन्त्री डोरमणि पौडेलले उक्त सुरुङमार्ग सञ्चालन विसं २०१८ ताका भारतबाट बाराको अमलेखगंजसम्म रेलसमेत आउने गरेको स्मरण गरे । पौडेलका अनुसार उक्त मार्ग निर्माणताका अमलेखगंजबाट मकवानपुरको भीमफेदीसम्म मोटरबाटो पुगेको थियो । भीमफेदीबाट काठमाडौं जाने मोटरबाटो नभए पनि साना गाडी बोकाएरै काठमाडौं पुऱ्याइन्थ्यो ।

अमलेखगंज–भीमफेदी मार्गको बारा र मकवानपुरको सिमाना चुरेमा भने मोटर उक्लन निक्कै गाह्रो थियो । ठाडो उकालो भएका कारण मोटर उक्लन नसक्ने र उक्लिहाले पनि सामान धेरै लैजान नसक्ने, समय र इन्धनको समेत खर्च बढी हुने भएपछि तत्कालीन राणा सरकारले विकल्पमा त्यहाँ सुरुङ खनेको थियो ।

आजभन्दा १०४ वर्षअघि बनेको त्यो सुरुङ नेपालको पहिलो त थियो नै त्यतिखेर एशियामैं सुरुङमार्ग नभएको त्यही समय नेपाल आएका भूगोलशास्त्री टोनी हेगनले आफ्नो आत्मकथामा लेखेका छन् । हेगनले आफ्नो पुस्तकमा यस सुरुङलाई विश्वको आठौं आश्चर्यका रूपमा उल्लेख गरेका छन् । स्वीट्जरल्यान्डबाट नेपालको खानीलगायतको भौगर्भिक अवस्थाको अध्ययन गर्न नेपाल आएका हेगनले आफ्नो पुस्तक "दि हिमालयन किङ्डम अफ नेपाल"मा यो सुरुङमार्गले आफूलाई आश्चर्यचकित बनाएको उल्लेख गरेका छन् ।

चुरियामाई सुरुङमार्ग नेपालका पहिलो इन्जिनीयर तथा नेपाली सेनाका कर्णेल डिल्लीजङ्ग थापाको नेतृत्वमा निर्माण गरिएको थियो । विसं १९७४ मा चन्द्रशम्शेरले बनाउन लगाएको यो मार्ग ५०० मिटर लम्बाइको थियो । हाल पहिरोले एकापट्टिको भाग पुरिएपछि यो मार्गको २८० मिटर मात्र बाँकी रहेको छ । इन्जिनीयर थापाले डिजाइन र निर्माण गराएको यो सुरुङमार्गनजीकै चर्चित शक्तिपीठ चुरियामाईको मन्दिर छ । इन्जिनीयर थापाले सुरुङ खन्न थालेपछि उनलाई सपनामा देवीले "म बसेको ठाउँमा बाटो खनिस्, त्यसको सट्टामा एउटा मन्दिर बनाएर मलाई स्थापना गर्" भनेका कारण थापाले मन्दिर बनाएको मकवानपुरका पाकाहरू बताउँछन् ।

# अन्योलतालाई सर्वोच्चले निकास दिने मुख्यमन्त्री गद्दीको विश्वास

प्रस, जनकपुरधाम, ७ फागुन/

७१औं प्रजातन्त्र दिवस शुक्रवार जनकपुरमा धूमधामका साथ मनाइएको छ । सो अवसरमा आयोजना गरिएको कार्यक्रमलाई सम्बोधन गर्दै प्रदेश २ का मुख्यमन्त्री लालबाबूराउत गद्दीले वर्तमान अन्योलताबाट सर्वोच्चले निकास दिने विश्वास व्यक्त गरे ।

नेपाली जनताले पटक–पटकको बलिदानीबाट प्राप्त गरेको उपलब्धिको सर्वोच्च अदालतले रक्षा गर्ने उनले विश्वास व्यक्त गरेका छन् । "अहिले अन्योलताको स्थिति छ । भोलि के हुन्छ हुँदैन भन्ने आकलन भइरहेको छ । देशमा आएको उपलब्धि गुम्छ कि ? जस्ता अन्योलता छ," मुख्यमन्त्री गद्दीले भने, "सर्वोच्चले उपलब्धिलाई बचाउँदै अन्योलता हटाउनेमा विश्वस्त छु ।"

लोकतन्त्र, गणतन्त्र, सङ्घीयताका लागि बलिदानी दिने योद्धा र तिनका परिवार अहिले उपलब्धि हराउने चिन्तामा रहेको बताउँदै उनले चिन्तालाई हटाउनुपर्ने विचार व्यक्त गरे ।

उनले भने, "हामीलाई विश्वास छ, सर्वोच्च अदालतले संविधानको रक्षा गर्नेछ," उनले भने, "प्राप्त उपलब्धि कायम गराउँदै नेपाली जनतालाई अहिलेको परिस्थितिबाट निकास दिनेछ ।"

संविधानमा रहेका केही त्रुटिलाई सच्याएर सबैको संविधान बनाउनुपर्छ भन्ने विषयमा मतभेद कायम रहे पनि संविधानले गणतन्त्र, लोकतन्त्र, सङ्घीयता, समावेशितालाई सुनिश्चित गरेको मुख्यमन्त्री गद्दीले बताए ।

# जगतपुर–गर्दौल ग्रेभल सडकको शिलान्यास

प्रस, पोखरिया, ७ फागुन/

पोखरिया नगरपालिका–८ जगतपुरदेखि गर्दौलसम्म ग्रेभल सडक निर्माणको लागि शुक्रवार शिलान्यास गरिएको छ ।



तस्वीरः प्रतीक

पूर्वसांसद हरिनारायण रौनियारले शिलान्यास गरेको कार्यक्रममा प्रदेशसभा सदस्य प्रह्लाद गिरी, नगरप्रमुख दीपनारायण रौनियार, उपप्रमुख सलमा खातुन, वडाध्यक्ष किशोरी साह, जसपाका केन्द्रीय सदस्य निजामुद्दीन समानीलगायतको सहभागिता थियो ।

सो सडकखण्डमा प्रदेश सरकारले माटो पुरी ग्रेभलका लागि रु २० लाख विनियोजन गरेको हुँदा शिलान्यास गरिएको जसपाका केन्द्रीय सदस्य समानीले बताए ।

३ सय मिटर लामो सो सडकखण्ड निर्माणका लागि शिलान्यास गरिएको नेता समानीले बताए ।

# दुर्घटनामा एकजनाको मृत्यु, ७ जना घाइते

प्रस, रौतहट, ७ फागुन/

टचाक्टर दुर्घटना हुँदा रौतहटमा एकजनाको मृत्यु भएको छ भने टचाक्टरमा सवार ७ जना घाइते भएका छन् ।

मृत्यु हुनेमा टचाक्टरमा सवार चन्द्रपुर–९ चेतनगर बस्ने ६५ वर्षीया कलावती चौधरी छिन् । घाइतेहरू पनि सबै महिला रहेको प्रहरीले जनाएको छ ।

बिहीवार जिल्लाको संग्रामपुरबाट मोथियाही गाउँतर्फ जाँदै गरेको ना.७त १३२५ नम्बरको टचाक्टर दुर्घटना भएको थियो । चन्द्रपुर–१० पडहरिया चोकनजीक टचाक्टर सडकबाट पल्टेर खेतमा खस्दा तल खसेर दुर्घटना हुँदा घाइते भएकी कलावतीको उपचारका लागि चन्द्रपुतर्फ लैजाँदै गर्दा बाटोमैं मृत्यु भएको इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका प्रहरी नायब उपरीक्षक लीलाराज लामिछानेले जानकारी गराएका छन् ।

दुर्घटनामा घाइते अन्य ७ जनाको चन्द्रनिगाहपुर अस्पतालमा उपचार भइरहेको छ ।

संग्रामपुरबाट चन्द्रपुर नगरपालिका–६ स्थित मोथियाहीमा विवाहपछि ढोगभेट फुकाउन गएका महिलाहरू दुर्घटनामा परेका हुन् । टचाक्टर सडकबाट तल पल्टिएर दुर्घटना भए लगत्तै फरार चालकको खोजी भइरहेको प्रहरीले जानकारी दिएको छ । दुर्घटनाको कारण भने खुल्न सकेको छैन ।

# प्रदेश २ को प्रदेश प्रमुखमा झा

प्रस, जनकपुरधाम, ७ फागुन/

प्रदेश २ को प्रदेश प्रमुखमा राजेश झा (अहिराज) नियुक्त भएका छन् । राष्ट्रपति विद्यादेवी भण्डारीले मन्त्रिपरिषद्को सिफारिशमा प्रदेश प्रमुखमा झालाई शुक्रवार नियुक्त गरेकी हुन् । प्रदेश प्रमुख झा रौतहटका हुन् ।

यसअघि प्रदेश प्रमुख तिलक परियार थिए । उनलाई शुक्रवार नै पदमुक्त गरिएको हो । परियार पदमुक्त भएकै दिन झालाई प्रदेश प्रमुखमा नियुक्त गरेको हो ।

# प्रजातन्त्र दिवसको अवसरमा रक्तदान कार्यक्रम

प्रस, वीरगंज, ७ फागुन/

प्रजातन्त्र दिवसको अवसरमा




तस्वीरः प्रतीक

अनेरास्ववियु निजगढमा रक्तदान कार्यक्रम आयोजना गरिएको छ ।

अनेरास्ववियुका संयोजक भैयाराम सहनीको अध्यक्षतामा भएको रक्तदान कार्यक्रमको उद्घाटन इन्चार्ज बलवीर चौधरीले गरेका थिए । कार्यक्रममा १ महिलासहित ५८ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक जीतेन्द्र कुशवाहाले बताए ।

खडगराज मैनाली, अर्जुनप्रसाद तिमल्सिना, ध्रुव विक, मोहन डिसी, सन्तोष ज्ञवाली, श्याम न्यौपाने, विज्ञान चापागाई, ईश्वर बस्नेत, रमेश तिमल्सिना, विशाल नेपाली, कपिल खरेल, प्रभात तिमल्सिना, मुन्ना तिवारी, विनायक आचार्य, सुमित्रा लामिछाने, हरि गौतमलगायत ५८ जनाले रक्तदान गरेको प्राविधिक कुशवाहाले बताए ।


## आवश्यकता

निम्न क्षेत्रमा यस दैनिकको लागि केही संवाददाता आवश्यक भएकाले इच्छुक महानुभावले आवेदन दिनुहुन अनुरोध गरिन्छ ।

१) वीरगंज महानगरपालिका
२) बहुदरमाई नगरपालिका
३) धोबिनी, कालिकामाई, छिपहरमाई, पकाहामैनपुर, विन्ध्यवासिनी, जगरनाथपुर गाउँपालिका
४) कलैया र जीतपुरसिमरा उपमहानगरपालिका
५) जनकपुर उपमहानगरपालिका
६) चन्द्रपुर नगरपालिका
७) लहान नगरपालिका
८) बर्दिवास नगरपालिका ।

प्रतीक प्रकाशन समूह प्रा. लि.

वीरगंज–११, पर्सा, फोन नं.: ०५१–५२५१२२, इमेलः prateekdaily@gmail.com

ज्ञानी पुरुषको लागि उसको चित्त नै स्वर्ग हो, किन्तु अज्ञानीको लागि त्यो नर्क हो ।

-विचारसार र सूक्तिहरू


| | |
|---|---|
| प्रकाशक | : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११ |
| प्रधान सम्पादक | : जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : विकाश शर्मा |
| सम्पादक | : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.prateekdaily.com


# चिनी उद्योगसँग रुष्ट किसान

**अरूलाई सिध्याउन खोज्नेहरू आफैं सिद्धिन्छन् । प्रदेश–२ स्थित केही चिनी उद्योगमा उपरोक्त कथन लागू भएको छ । जुन–जुन उद्योगहरूले उखु कृषक र उपभोक्ताको सधैं कुभलो चिताइरहन्छन्, ती उद्योगहरूको लगानीसमेत डुब्ने अवस्थामा छ । किसानले ऋण गरेर उत्पादन गरेको उखु, उद्योगलाई बुझाएको ३/४ वर्ष बितिसक्दा पनि किसानले भुक्तानी पाएका छैनन् । सोही कारण कैयौं किसान विस्थापित भए । भुक्तानी माग गर्दै आन्दोलनको क्रममा कतिपयले ज्यानसमेत गुमाएका छन् । नगदेबाली उत्पादन गरेर उधारोमा दिंदा समेत किसानलाई ठगी गर्ने केही उद्योगले उपभोक्तालाई पनि बाँकी राखेनन् । प्रतिस्पर्धा गर्न नसक्ने उद्योगहरूले सरकारलाई दबाब दिएर भारतीय चिनीको कोटा सीमित गरिदिए । यसले सर्वसाधारणलाई महँगो चिनी उपभोग गर्न बाध्य पार्‍यो । खुला प्रतिस्पर्धा हुँदा ५० रुपैयाँ प्रतिकिलोमा पाउने चिनी, बजारमा स्वदेशी उत्पादनको एकाधिकार हुँदा प्रतिकिलो ८०/९० रुपैयाँको दरमा खरीद गर्नुपरेको छ । उपभोक्तालाई सुलभ, सहज र गुणस्तरीय सामग्री चाहिएको हो । यसमा स्वदेशी र विदेशीको मतलब हुँदैन । कुनै पनि मुलुकमा राष्ट्रवादी आन्दोलन एवं अभियानको समयमा बाहेक उपभोक्ताको सोच एकै किसिमको हुन्छ । यसमा राष्ट्रप्रति माया नगरेको भन्न मिल्दैन, किनभने बाहिरबाट आउने उत्पादनमा उपभोक्ताले राष्ट्रको लागि कर तिरिरहेको हुन्छ । फेरि पनि स्वदेशी चिनी उद्योगलाई बढावा दिने नाममा खुला विश्व बजारको अवधारणाविपरीत नेपाली उपभोक्ता महँगो मूल्यमा स्वदेशी चिनी उपभोग गर्न बाध्य छन् ।**

**यसरी जोगाएको स्वदेशी चिनी उद्योगले किसानको भुक्तानी नदिएको कारण यस वर्ष किसानले चिनी उद्योगलाई उखु दिएनन् । गाउँटोलमा सञ्चालित खाँडसारीलाई उखु दिएर सख्खर उत्पादन गर्नु किसानले उत्तम ठाने । चिनी उद्योगको कारण हतोत्साहित भएका धेरै किसानले उखुखेती गर्न छाडिसकेका छन् । थोरै किसानले उखु लगाएकोमा त्यो पनि सख्खर उद्योग र समयमा पैसा भुक्तानी गरेका चिनी उद्योगलाई मात्र उखु दिए । पैसा भुक्तानी नगर्ने उद्योगहरूले यसपटक क्रसिङको समयमा नगद बोकेर खेतमा जाँदा पनि उखु पाएनन् । त्यस्ता उद्योगले २/४ वर्ष यसैगरी उखु नपाउने हो भने मेशिन उपकरणमा खिया लाग्न सक्छ ।**

**उखु उत्पादक किसानलाई जति जोखिम छ, त्यति चिनी उत्पादनमा उद्योगीलाई छैन । खरीद गरिएको उखुबाट उत्पादन हुने चिनी र बजारसम्म पुर्‍याउँदा लाग्ने खर्चलाई मध्यनजर गरी नाफासमेत राखेर चिनीको मूल्य निर्धारण गरिएको हुन्छ । हाम्रो मुलुकमा उखुको मूल्य र चिनीको मूल्य निर्धारण गर्दा निर्णायक भूमिका चिनी उद्योगीहरूकै रहने गरेको छ । चिनी बिक्री भएन वा घाटा खाएर बेच्नुपर्‍यो भन्ने त बहाना मात्रै हो । चिनीको मूल्य सधैं एकैनासको हुँदैन, बजारमा सिजन अनुसार प्रतिकिलो रु ५० देखि १०० सम्म बिक्री हुने गरेको छ । नेपाली उत्पादकले बजारमा चिनी महँगो भएको बेला मात्रै उद्योगबाट चिनी निकाल्ने गरेका छन् । मागभन्दा उत्पादन कम हुने भएकोले महँगोमैं बिक्री गरेर सकिन्छ । ३/४ वर्षसम्म 'चिनी बिक्री भएन वा सस्तोमा बेच्नुपर्‍यो' भन्ने कुरा वाहियात, किसान मार्ने बहाना मात्रै हुन् । भुक्तानीको प्रत्याभूति हुने व्यवस्था गरी रुष्ट उखु किसानलाई पुनः चिनीमिलतर्फ विश्वासको वातावरण बनाउन सरकारीस्तरबाटै पहल जरुरी छ ।**

# सरस्वतीपूजामा आयोजकलाई डिजेको मस्ती श्रोतालाई सास्ती

स्वतन्त्र विचार



**वैधनाथ ठाकुर**
baidhnath2071@gmail.com

**सरस्वतीपूजाले गर्दा केही मूर्ति बनाउने पेशा भएका मूर्तिकारको कमाइ भएपनि यसलाई समयमैं परिमार्जन गरिएन भने यो पर्व विकृतिको शिकार हुनेछ भन्दा कुनै अतियुक्ति नहोला । यदि साँच्चिकै सरस्वतीपूजा विद्यार्थीको लागि एउटा विशेष संस्कृति हो भने यसको मर्यादा कायम गर्न गराउन उदासीनता किन ?**

पूर्वी संस्कृतिमा आफूले खुशी वा दुःख मनाइराख्दा अरूलाई समस्या त भइरहेको छैन भन्ने कुरा विचार पुर्‍याउनुपर्छ भनिएको छ । तर यसको हेक्का समाजले राखेको कतै देखिंदैन । चुनावपश्चात् निस्किने विजय जुलुस होस् वा कुनै खेल जितेको खुशियालीमा निकालिएको हिपहिप हुर्रेको जुलूस होस् प्रायः घण्टौंसम्म सडकमा ट्राफिक जाम बेहोर्नुपर्छ बटुवाहरूले । यस्तोमा कतिपटक गम्भीर प्रकृतिको रोगी बोकेको एम्बुलेन्सले समेत अमानवीय सास्ती भोग्दै आएका छन् ।

नेपाली समाजले सबैभन्दा बढी अरूको स्वार्थको कारणले भोग्दै आएको विषय हो भ्रष्ट राजनीति । परिवर्तनको नाममा २००७ सालदेखि हालसम्म जनताले गुमाएको धन, जन र खेपेका सास्ती कति हो कति ? प्रत्येक परिवर्तनपछि जनता झन्झन् समस्यामा फस्दै गएपनि नेताहरू सबै हिसाबले समृद्ध हुँदै गएका छन् । गत पुस ५ गते संसद् विघटन भएदेखि जुलूस र हडतालको झन् लर्को लागेको छ । प्रत्येक जुलूसले जनतालाई सास्ती र नेतालाई मस्ती दिएको छ ।

यसपालि फागुन ४ गते वसन्तपञ्चमी परेको थियो । ३ गतेदेखि ५ गतेसम्म पूजास्थलमा घन्काइएका डिजेले रातभरि सुत्नै नपाउनेहरूले कसलाई गुनासो गरून् । वीरगंज–३ गायत्रीनगरका केही व्यक्तिले प्रहरीलाई फोन पनि गरे तर कुनै फाइदा भएन । प्रहरीले पनि यस विषयलाई खासै महत्त्व दिएको देखिंदैन ।

हुनत विद्यार्थीहरूको लागि सरस्वतीपूजा साह्रै महत्त्वपूर्ण मानिन्छ । कारण यही तिथिबाट बालबालिकालाई कलम समात्नसमेत लगाइन्छ । खासगरी हिन्दू धर्मावलम्बीहरूले सरस्वतीलाई ज्ञानकी देवी भनेर मान्दै आएका छन् । विद्या आर्जन गर्ने सबै पेशा, वर्ग, क्षेत्रले माघ शुक्ल पञ्चमीलाई ज्ञानको लागि पवित्र दिन मान्दछन् । यसै दिनबाट शरद ऋतु समाप्त भई वसन्त ऋतुको आगमनसमेत भएको मानिन्छ । जाडोमा चीसोसँग जुध्न रूखबिरुवाहरू जो पतझड प्रजातिका हुन्छन्, तिनीहरूले आफ्नो सम्पूर्ण पात झारेका हुन्छन् । नाङ्गो भएर पातविहीन बनेका रूखमा नयाँ–नयाँ कोपिला, मुना र पात आउन थालनीसमेत यसै दिनबाट हुने जनविश्वास छ ।

सरस्वतीपूजा यतिबेला एउटा विकृतिको परिचायक भइसकेको छ । निरङ्कुशताको बेलामा सरस्वतीपूजालाई जनतामा चेतना फैलाउने माध्यमको रूपमा पनि प्रयोग गरिन्थ्यो । त्यति बेला पूजामा विद्यार्थीहरूलाई भोज पनि खुवाउने चलन थियो । सबै जातजातिका छात्रछात्रा चाहे त्यो दलित समुदायबाटै किन नहोस्, ती सबैलाई सहभोज भएजस्तै पुरी, तरकारी, बुनिया पेटभरि खुवाउने चलन थियो । पूजाको उपलक्ष्यमा निरङ्कुशताविरुद्ध चेतना फैलाउने हकअधिकारलाई बढावा गर्ने गरी विभिन्न स्थानीय भाषामा नाटक मञ्चन पनि गरिन्थ्यो । नाटकको प्रदर्शनले एकातिर विद्यार्थीहरूको कला प्रखर भई मुखरित हुने अवसर प्राप्त गर्दथ्यो भने अर्कोतर्फ दर्शकको रूपमा विद्यालय प्राङ्गणमा उपस्थित अभिभावकवर्गमा हकअधिकारसम्बन्धी चेतनासमेत प्रवाहित हुन्थ्यो ।

यतिबेला देशमा निरङ्कुशतन्त्र समाप्त भइसकेको छ । सङ्घीय लोकतान्त्रिक गणतन्त्र बहाल भइसकेको छ । तर जनताको जीवनचर्यामा अनुभूति हुनेगरी कुनै प्रकारको परिवर्तन भएको देखिंदैन । निरङ्कुशताको ठाउँ नेतातन्त्रले लिएको छ । नेताहरूलाई जनजीवनको अवस्था तथा सुविधाप्रति कुनै वास्ता रहेको देखिंदैन । जनता दिनदिनै महँगी, रोजगारविहीनता तथा भ्रष्टाचारले आक्रान्त छ तर नेताहरू स्थानीयदेखि प्रादेशिक तथा सङ्घीय सरकारसम्म सबैले विलासी महँगो गाडी किन्नमा राष्ट्रको ढुकुटी सकाइरहेका छन् । पहिलेको भन्दा देशको जनजीवन कष्टकर हुँदै गइरहेको छ । भन्नलाई देशमा दुई तिहाइको वाम सरकार छ तर व्यवहारमा बितेको तीन वर्षभित्र कुनै पनि यस्तो नीतिगत निर्णय भएको देखिंदैन, जसले श्रमिक तथा सर्वहारा वर्गको आर्थिक कायापलट हुन सहयोगी भूमिका निर्वाह गरोस् । देशको भूमि भूमाफियाहरूको कब्जामा छ तर भूमिसम्बन्धी कुनै स्पष्ट वामनीति अगाडि सारेको देखिंदैन । शैक्षिकस्तर दिनानुदिन खस्किंदै गइरहेको छ । शिक्षामा व्याप्त चरम भ्रष्टाचारले सम्पूर्ण लगानी बालुवामा पानीको अवस्था जस्तै रहेको छ तर वाम सरकारको हालसम्मको नीति जनमुखी शिक्षातर्फ अग्रसर देखिंदैन । सरकारको कामकारबाई दलाल पूँजीपति तथा माफियाहरू मोटाउने कार्यमा अभिलक्षित रहेको अनुभूति सर्वत्र भइरहेको छ ।

यतिबेला नेकपाको आन्तरिक विवाद सडकमा आइपुगेको छ । प्रचण्ड–माधव गुटले प्रधानमन्त्री एवं पार्टी अध्यक्ष केपीशर्मा ओलीलाई निरङ्कुश शासक भन्दैछ । दुवै गुटमा एकअर्काको खोइरो खन्ने प्रतियोगिता नै चलेको जस्तो छ ।

यस्तो नौटङ्कीको अवस्थामा विद्यालय तथा गाउँटोलमा सरस्वतीपूजा सकेको छ । कोरोनाले गर्दा खासै नाचगानको कार्यक्रम गरिएको देखिएन । तर डिजे (ठूलो स्वरमा बजाइने गीत)को व्यवस्थाले ध्वनि प्रदूषण तथा रातिको निद्रा गायब गरेको देखियो । विद्यार्थी वा गैरविद्यार्थी जसले यत्तिकै गाउँटोलमा पूजाको आयोजना गरेका थिए, उनीहरूले पूजाको नाममा एक प्रकारको चन्दा आतङ्क नै कायम गरेको देखियो । पहिलेपहिले सडकमा डोरी तानेर वा ढाट लगाएर जसरी बटुवाहरूसँग हुलहुज्जत गरी चन्दा मागिन्थ्यो, त्यो कार्य पर्सा जिल्लामा तत्कालीन प्रहरी उपरीक्षक रमेश खरेलले रोक लगाएदेखि हालसम्म बन्द नै छ तर यतिबेला घरघरमा गएर यही गाउँटोलका हौं भनेर दिनहुँ दुई/चार वटा समूह चन्दा मागन आउने गरेको तथ्य कसैबाट लुकेको छैन । यसरी मागेको पैसाको कुनै हिसाबकिताब पनि हुँदैन । पूजा खतम, हिसाब खतम । राति तिनै चन्दा माग्ने केटाहरू जाँडरक्सी खाएर वाहियात गीतहरूमा नाच्ने, होहल्ला गर्ने कार्यले यसपालि पनि निरन्तरता पाएको देखियो ।

नेपाली शिक्षाको स्तर दिन प्रतिदिन झर्दै जानुको मुख्य कारण देवी सरस्वती रिसाएर पनि हो कि जस्तो लाग्न थालेको छ । खासगरी सरस्वतीपूजामा भक्त विद्यार्थीहरूले सरस्वतीलाई सुनाउने गरेको भड्किलो गीतले नै देवी सरस्वती रिसाएको हुनुपर्छ । कुनै पनि देवतालाई उसको स्तुति गान गाउन छोडेर 'चोली के पिछे क्या है', 'लालीपप लागेलु', 'छुना ना छुना ना' जस्ता गीत सुनाएपछि देवता रिसाउनु मुनासिब नै हो । त्यसैले विद्यार्थीहरूलाई गुरुवर्गबाट सरस्वतीपूजामा सरस्वती वन्दना गर्न लगाउने साथै पढाइलेखाइमा प्रेरणा मिल्ने खालको अभिशिक्षण हुनु जरुरी छ । सरस्वतीपूजामा कि त परिमार्जन गरौं होइन भने विकृतिको परम्परालाई कहिलेसम्म निरन्तरता दिइराख्ने ?

सरस्वतीपूजाले गर्दा केही मूर्ति बनाउने पेशा भएका मूर्तिकारको कमाइ भएपनि यसलाई समयमैं परिमार्जन गरिएन भने यो पर्व विकृतिको शिकार हुनेछ भन्दा कुनै अतियुक्ति नहोला । यदि साँच्चिकै सरस्वतीपूजा विद्यार्थीको लागि एउटा विशेष संस्कृति हो भने यसको मर्यादा कायम गर्न गराउन उदासीनता किन ? सरोकारवालाहरूलाई यसतर्फ विचार गर्न अबेला भएन र ?

■■■

# बिहेमा को–को थिए ?



कुरोको चुरो
**मुकुन्द आचार्य**

विवाह शब्द नै खिइएर बिहे बन्न गएको हो । छोटकरीमा भन्नुपर्दा, जिब्रोको सजिलोका लागि अङ्ग्रेजीको 'ब्रदर' ब्रो भयो, युनाइटेड किङ्गडम युके भयो, युनाइटेड स्टेट्स अफ अमेरिका 'युएसए' बन्न पुग्यो, मार्केट–मार्ट भयो, मदरबाट मम भयो । मान्छे साह्रै छोटो हुँदै गयो ।

त्यसैले अचेल बिहेवारी पनि छोटकरीरूपमा हुन थाल्यो । त्यसो त हाम्रो हिन्दू समाजमा चट मँगनी पट शादीको चलन पहिलेदेखि नै नभा'को त हैन । शुभस्य शीघ्रम भनिने टुक्काले पनि चटपट बिहे गरिहाल्नेलाई रौस्याएकै हो नि त । अनि त आइहाल्यो नि 'मियाँ बीबी राजी तो क्या करेगा काजी !' आँखा मात्र जुध्नुपर्छ अनि त धेरै थोक जुध्न थाल्छन् ।

म पनि हालसालै एक मित्रको छोराको बिहेमा साक्षी किनाराको सदर बन्दै जन्त भएर गा'को थिएँ । पाए अन्त नपाए लखनेको जन्त भन्ने आहानलाई चरितार्थ गर्दै म जन्त भएर दक्षिणकालीको सुरम्य शक्तिपीठमा दाखिल हुन पुगें । हुलमुलमा जीउ जोगाउनू भन्छन् । मातालाई टाढैबाट ढोग गरें ।

जन्तीमा विविधखाले मानव आकृतिका जीवजन्तुहरू हुनु स्वाभाविकै हो । जन्त हिंड्नुअघि नै यौटा धक्कुबाजले गुड्डी हाँक्यो– म त खाँटी काङ्ग्रेसी ! मेरा बाजेले विपीको गुसम्म धोएका छन् । हामी त्यतिखेर भन्टयाङ–भुन्टुङ नै थियौं । अहिले हामीलाई पाखा लगाएर हिंड्छन् ! डाँका बज्जियाँहरू !

दक्षिणकालीको सेरोफेरोमा अलिकति सुधारका कामहरू भा'कै रैछन् । हाम्रो जन्तीजत्था बसेको ठाउँमा थरीथरीका नेपाली र हिन्दी गीतहरू बज्न थाले । खाने–पिउने, नाच्ने–गाउने यावत् आवश्यक कार्यक्रमहरू अनेक मण्डली बनाएर शुरू भए । बिस्तारै सबै व्यस्त, मस्त र पस्त (थकित) देखिन थाले ।

दौरा–सुरुवाल, कोट, टोपी, पहिरन भाका एकजना अति सज्जन व्यक्ति नाच्न थाले । उनको नाचको विशेषता थियो भ्यागुतो उफ्रेझैं उफ्रिनु । केहीबेर उफ्रेपछि ती बिचरा कुर्सीमा बसेर ध्यान गर्न थाले । उनलाई बिजुली पानी (रक्सी)ले तुरीयावस्थामा पुर्‍याइदियो । अर्थात् ती सज्जनले सुरुआतमैं सू... गरे । उनकी बूढी पनि जन्तीको महिला डफ्फामा नाँच्दै थिइन् ।

आफ्नै तालमा नाचिरहेकी बूढीलाई कसैले मोबाइलमार्फत बूढाका बारेमा शुभ समाचार सुनाइदिएछन् ।

हस्याङ–फस्याङ गर्दै बूढी आइपुगिन् । विभिन्न पोजमा बेहोश भएर लडेका आफ्ना बूढाका तस्वीरहरू मोबाइलमा कैद गरिन् । मख्ख परिन् । रमितेहरूलाई विजयी नजरले हेरिन् ।

त्यो देखेर मलाई झन् झोंक चल्यो । बूढालाई सुरक्षित ठाउँमा लगेर सेवाटहल गरी होशमा ल्याउन छोडी बेहोश भई ढलेका मान्छेको फोटो लिएर के गर्छ्यौ नानी ? भन्दै मैले ती अधबैंसे नारीलाई प्रश्न गरें । मलाई पनि बढ्ता जान्ने हुनुपर्छ !

अचेल स्मार्ट नारी ! किन दब्थिन् र ! उनी त ज्वालामुखीझैं पड्किन् । उनका शब्दहरू ज्वालामुखीका लावाझैं विस्फोट भएर वायुमण्डलमा छरिए । 'बूढाबूढीबीचका कुरामा अरूलाई केको टाउको दुखाइ ? जँड्याहाहरूको विश्वस्तरीय सम्मेलन भयो भने यी फोटाहरू पठाएर म आफ्नो बूढालाई नम्बरवान् विश्व चैम्पियन जँड्याहा प्रमाणित गरी पुरस्कार हात पार्छु । नाम पनि हुने, काम पनि हुने ! भ्याएछ भने गिनिज बूकमा पनि...!

एकजना मजस्तै अधकल्चो पाको सज्जनले त खुशी भएर ताली बजाउँदै भने– "वाह ! कस्तो डेन्जर पोजिटिभ थिङकिङ !" मैले पनि ताजी बजाएर बोलीमा लोली मिलाएँ ।

अनि चारजना केटाले कुर्सीका चारै खुट्टा समाइ ती मातेर लडेका जन्तीलाई कुर्सीसहित बसमा लोड गरेर आए ।

अरू बेला सुकुटे जस्तो देखिने अनेक जन्तेहरूले दिनभरि खाइरहेको प्लेट बोकेर चारैतिर चहारिरहेको देखेर मलाई ज्ञान प्राप्त भयो– बिचराहरू कठै खानै नपाएर यस्तरी दुब्लाएर सकुटे अवस्थामा पुगेका रै'छन् ।

भेराइटी मासु, रक्सी र अन्य भोज्य पदार्थ गलगिद्ध थिचेपछि जन्तहरू आनन्दसमुद्रमग्न हुने नै भए । खाओ थुप्रो; पियो उफ्रयो ! जुन मजा जन्तमा, सो मजा अन्त कहाँ ? जन्तेहरू पनि अजबगजब हुन्छन् !

# हवाई भाडा बढ्यो

काठमाडौं, ७ फागुन/रासस

हवाई सेवाप्रदायक कम्पनीको छाता सङ्गठन वायुसेवा सञ्चालक सङ्घ नेपालले हवाई इन्धनको मूल्य बढेसँगै हवाई भाडामा केही वृद्धि गरेको छ । नेपाल आयल निगमले गत फागुन ४ देखि लागू हुने गरी हवाई इन्धनमा प्रतिलिटर रु २ बढाउने निर्णय गरेकाले हवाई इन्धनको मूल्य जेजति घटबढ हुन्छ, सोही अनुपातमा स्वचालित प्रणाली अनुसार मूल्य लागू गर्ने निर्णय भएको सङ्घले शुक्रवार विज्ञप्तिमार्फत जनाएको छ ।

निर्णय अनुसार सङ्घमा आबद्ध वायुसेवा कम्पनीले फागुन ८ गतेदेखि नयाँ इन्धन मूल्य लागू गर्नेछन् । सो विषयमा नियामक नेपाल नागरिक उड्डयन प्राधिकरणबाट स्वीकृतसमेत प्राप्त भई आएकाले हवाई इन्धनको मूल्य समायोजन गरिएको सङ्घले जनाएको छ । नयाँ मूल्य अनुसार साबिकको प्रतिलिटर रु ६५ बाट वृद्धि भई रु ६७ कायम गरिएको छ ।

हवाई इन्धनको मूल्य बढेकाले सबै गन्तव्यको उडानमा थोरै मात्रामा हवाई भाडादर वृद्धि गरिएको सङ्घका प्रवक्ता योगराज कँडेल शर्माले बताए ।

# “अधूरो प्रेम” किन गर्छन् अधिकारी

**स्वान्तः सुखाय**





सञ्जय मित्र

mitrasanjay41@gmail.com


**सरल शब्दमार्फत गहिरो भावलाई प्रवाहमय बनाउने अधिकारीको गीतिशैली फरक दृष्टिकोणको रहेको छ। यो कृतिको नाम नै “अधूरो प्रेम” राखिएको छ। यसबाट कृतिकारले स्पष्ट सङ्केत यो पनि गरेका छन् कि उनको गीत प्रेम अझै बाँकी छ।**

सर्लाहीमा जन्मेका विश्वराज अधिकारीको बज्जिका भाषामा लेखिएको संस्मरण सङ्ग्रह प्रसवको अवस्थामा छ। यसै समयमा उनको “अधूरो प्रेम” सार्वजनिक भएको छ। “अधूरो प्रेम”ले पूर्णता पाएपछि नै प्रसवको पीडा हुनुपर्ने क्रम हो। सम्भवतः यही हुँदैछ।

“अधूरो प्रेम” के हो ? यसको दार्शनिक उत्तरको खोजी होइन तर पूर्ण हुनु पनि दार्शनिक दृष्टिकोणले सहज छैन। यसर्थ प्रेमले पूर्ण कोही हुनु भनेको त्यसपछि अपकर्षतिर जानु हो ? वा यथास्थितिमा रहनु हो ?



विधागत वैविध्यका झन्डै दुई दर्जन कृतिका सर्जक विश्वराज अधिकारीको शरीर अमेरिकामा बस्दछ तर मन भने नेपाली भूगोलको भाषा, साहित्य, कला, संस्कृति, अर्थतन्त्रसित बाँच्दछ। हृदयमा केही गरूँ भन्ने सिर्जनात्मक भाव उम्लिरहन्छ, जसको प्रकटीकरण निरन्तर भइरहन्छ। यसैमा कहिले कुन विधा त कहिले कुन शैली प्रवाहित हुन्छ। बज्जिका भाषामा पहिलो आधुनिक गीत सङ्ग्रह प्रकाशित गर्ने अधिकारीको बज्जिका भाषामैं पहिलो संस्मरण आउन लागेको छ र अहिले भर्खर प्रकाशित नेपाली भाषाको “अधूरो प्रेम” गीत सङ्ग्रह हो।

“अधूरो प्रेम” गीत सङ्ग्रह मात्र होइन। यसका दुई भाग छन्। पहिलो भागमा गीतसित सम्बन्धित सैद्धान्तिक र व्यावहारिक कुराहरू दिइएका छन्, यथा : गीत के हो ? गीत किन सुन्ने गरिन्छ ? के गीतले जीवन–ऊर्जा दिन्छ ? गीतको उत्पत्तिको इतिहास, शेक्सपियरका रचनामा गीतको बयान, मेघ मल्हार र दीपक रागको शक्ति, भगवान् शिवको ताण्डव नृत्य, स्टोनियामा सङ्गीत अध्ययन अनिवार्य, गीतमा क्रान्ति ल्याउने क्षमता, ग्लुमीसन्डे गीत सुनेर आत्महत्या गर्नेहरू, नेपालमा गीतको प्रभाव र सारांश। यी विषयहरूको प्रस्तुतिपश्चात् क्रमशः ५१ वटा गीत राखिएका छन्।

हुनत गीतको विषयमा के भनिन्छ भने गीतको वास्तविक सार्थकता सङ्गीतसित स्वरबद्ध बिहे गराएपछि हुन्छ तर गीतले सदैव सङ्गीत नै खोज्दछ भन्ने होइन। गीत श्रव्यविधा अवश्य हो तर यो पाठ्यविधा पनि हो र अधिकारीले गेयात्मक गुणासहितको पाठ्यगीत सिर्जनामा उच्चता हासिल गरिरहेका छन्। गेयप्रतिभा सम्पन्नले समयक्रममा यिनीहरूमा सङ्गीत र स्वरप्रतिभा सम्पन्न यिनीहरूमा स्वर दिने समय पनि आउला तर गीतहरू शब्दमैं पनि शक्तिशाली रहेका छन्।

गीतको परिचयको क्रममा अधिकारीले उल्लेख गरेजस्तै यस सङ्ग्रहका गीतहरूले कुनै खास किसिमको मनोविज्ञानको बयान वा व्याख्या गरेको र खास किसिमको अवस्थाको विवरण प्रस्तुत गरेको लाग्छन्। अचेतन मस्तिष्कमा समेत प्रभाव पार्ने भएकोले गीतलाई जुनसुकै अवस्थामा पनि मानिसले सुन्ने गर्दछन्। यसै कारण जस्तोसुकै अवस्थाको लागि पनि गीतको सिर्जना गरिएको पाइन्छ। यसर्थ गीतको संस्कृति सम्पन्न हुन्छ।

गीतले खास किसिमको सन्देश पनि बोकेको हुनाले मन पर्ने किसिमले गाइएका गीतहरू तत्सम्बन्धी रुचि हुनेहरूले सुन्ने गर्दछन्। निस्सन्देह अनादिकालदेखि नै गीत गाइँदै आएको छ। जतिखेर मानिसमा वाणीको विकास भयो, त्यत्तिखेरदेखि नै उसले गुनगुनाउन थाल्यो र गीतको आविष्कार भएको हो। कृतिकारले गीतको इतिहासलाई महर्षि वाल्मीकिसित पनि जोडेका छन्।

पूर्वीय संस्कृतिमा मात्र नभएर पश्चिमी संस्कृतिमा पनि गीतको महत्त्व धेरै रहेको छ। शेक्सपियरले मधुर सङ्गीतलाई यस्तो कला जसले चिन्ता र समस्यालाई समाप्त पार्छ भन्ने बताएका छन्। ग्रीसका लोककथाहरूमा पनि सङ्गीतको शक्तिबारे बताइएको पाइन्छ। शास्त्रहरू तथा इतिहासमा पनि गीत सङ्गीतको चर्चा गरिएको पाइन्छ। मल्हार गाइँदा वर्षा हुन्छ। दीपक रागले आगोको वर्षा गराउँछ भन्ने विश्वास रहेको छ। अकबरको दरबारमा गीत गायक तानसेनले उच्च सम्मान पाउनु र उनका अन्य प्रसङ्गलाई पनि कृतिकार अधिकारीले रोचक ढङ्गले प्रस्तुत गरेका छन्।

हिन्दू संस्कृतिमा गीत, सङ्गीतसँगै नृत्यको पनि महिमागान गरिएको छ। भगवान् शिवको ताण्डव नृत्यको प्रसङ्ग पनि रोचक ढङ्गले कृतिमा उल्लेख गरिएको छ। ताण्डवमा वैविध्य भएको पनि उल्लेख गरिएको छ।

युरोपमा अवस्थित स्टोनियामा कक्षा १२ सम्म अध्ययन गर्ने विद्यार्थीको लागि सङ्गीत अनिवार्य विषय बनाइएको सन्दर्भ पठनीय छ। जीवन, मनोविज्ञान, व्यवहार तथा मनोदशामा गीत र सङ्गीतले ठूलो सकारात्मक प्रभाव पार्ने क्षमता रहेको पुष्टि भइसकेको छ। केही वर्ष पहिले एउटा अनुसन्धानको रिपोर्ट यस्तो पनि आएको समाचार प्रकाशित भएको कि बोटबिरुवालाई पनि सङ्गीत मन पर्छ र उत्पादनमा सङ्गीतले पनि सकारात्मक प्रभाव पार्दछ।

गीतमा अनेक शक्ति हुन्छ। गीतले क्रान्ति पनि ल्याउँछ। नेपालमा यस्ता अनेकन क्रान्तिकारी गीतहरू समय अनुसार गाइएका र क्रान्तिका लागि उपयोग गरिएका दृष्टान्तहरू छन्। र ग्लुमीसन्डे गीतले कैयौं मानिसलाई आत्महत्या गर्न लगाएको आरोप पनि छ। यही आरोपले गर्दा बिबीसीजस्तो संस्थाले साढे छ दशकसम्म प्रतिबन्ध लगाएको थियो। यसरी विश्वमा कतिपय गीत तथा सङ्गीतमाथि प्रतिबन्ध लाग्दै आएको छ। यसको मूल कारण यो पनि हो कि गीतले विचार बोकेको हुन्छ र आस्थाको आधारमा गीतलाई रुचाइने, प्रशंसा गरिने, गाइने वा रोकिने हुन्छ। नेपालमा पनि गीतको प्रभाव शक्तिशाली रहेको छ। यहाँ पनि गीत, सङ्गीतको सिर्जनाले निकै लामो इतिहास बोकेको छ र धेरैलाई सम्मान पनि प्रदान गरेको छ। कृतिकार अधिकारीले गीतलाई मनोरञ्जनभन्दा माथि उठाएका छन्। समस्याहरूको समाधानको लागि गीतको सिर्जन र श्रवण हुने गरेको हुन्छ, साथै गीतलाई सञ्चारको एक सशक्त माध्यम पनि मानिएको छ। सारांशमा कृतिकार उल्लेख गर्दछन्– जसरी दीर्घजीवन पाउनका लागि स्वस्थ खानाको आवश्यकता पर्दछ, त्यसैगरी सन्तुष्ट भएर सुखपूर्वक बाँच्नका लागि गीत सुन्नु आवश्यक छ।

कृतिकार अधिकारीले कृतिको पहिलो गीतको एक टुक्रामा मनको शुभभाव यसरी व्यक्त गर्दछन्–

**होस् सबको जीवन मधुमय**
**शुभकामना जीवनको होस् सुखमय**

गीतकार अधिकारीले यस सङ्ग्रहमा चार दर्जनभन्दा बढी गीत राखेका छन्। फरक विषयवस्तु र सन्दर्भका गीत छन्। अधिकांश गीत लघुआयामका छन्। हरेक गीतको शीर्षक दिइएको छ। लामो पाइएको गीत पनि एक पृष्ठभन्दा बढीका छैनन्। सबैभन्दा सानो गीत प्रेमको संसार रहेको छ जुन चार पङ्क्तिको छ। गीतकार लेख्छन् –

**प्रेम केवल प्रेम हो यसमा छैन स्वार्थ र व्यापार**
**देख्नेले प्रेमभित्र देख्छ सुख र शान्ति अपार**
**धर्म, जात, भाषा र भूगोल केही छैन छेकबार**
**प्रेमको आँखामा सबै समान यो अनौठो संसार।**

११२ पृष्ठमा गीतमय भावना समेटिएको यस कृतिमा अधिकारी आफूलाई एक सक्षम गीतकारका रूपमा उभ्याउन सफल भएका छन्। उनको साहित्यिक यात्राको एउटा स्पष्ट दृष्टिकोण यस कृतिले दिन सफल भएको छ। सरल शब्दमार्फत गहिरो भावलाई प्रवाहमय बनाउने अधिकारीको गीतिशैली फरक दृष्टिकोणको रहेको छ। यो कृतिको नाम नै “अधूरो प्रेम” राखिएको छ। यसबाट कृतिकारले स्पष्ट सङ्केत यो पनि गरेका छन् कि उनको गीत प्रेम अझै बाँकी छ। आउँदा दिनमा उनका “अधूरो प्रेम”हरू पूरा हुँदै जानेछन्।

यस कृतिको अध्ययनले गीत र सङ्गीतसम्बन्धी धेरै नवीन जानकारी प्राप्त हुन्छ। तर पनि अझ जान्न पाए हुन्थ्यो भन्ने लागिरहन्छ। यस अर्थमा पनि कृतिको शीर्षक “अधूरो प्रेम” सार्थक छ।

# जिउँदो इतिहास

**सरोकार**




राजेश मिश्र

rajesh560107@gmail.com


**देहाती जीवनशैलीमा सुखसुविधा शून्य थियो। देहाती जीवन कडा परिश्रममा आधारित थियो। खेतीकिसानीदेखि यात्रासम्म शारीरिक श्रममा निर्भर थियो। त्यसैले रोगलगायतका समस्याहरू कम हुन्थ्यो। असाध्य रोग भएमा चिकित्सालयको अभावले बाँच्ने अवस्था ‘भगवानभरोसे’ थियो।**

पर्सा जिल्लाको देहातमा रहेको सुहपुर भन्ने गाउँ वीरगंजदेखि पश्चिम–उत्तर कुनामा अवस्थित छ। हुलाकी राजमार्गले देहाती जनजीवनलाई वीरगंजसँग नजीक ल्याएकोले यतिबेला देहात हर्षित छ। वीरगंजदेखि बहुअर्वा–पोखरिया हुँदै सुहपुर करीब २५ किलोमिटर टाढा पर्छ। सुहपुर वीरगंजदेखि बहुअर्वा–माधोपुर हुँदै करीब १९ किलोमिटर टाढा पर्छ। कालान्तरमा देहाती जीवन सडकको दुरवस्था र खोलानालामा पुलको अभावले दुर्गम क्षेत्रको रूपमा विद्यमान थियो। यद्यपि कालान्तरमा राज्यपक्षबाट उपेक्षित देहातको अवस्था थोरै भएपनि हालको दिनमा सुधारोन्मुख भन्नुपर्छ।

सोही क्षेत्रका एक वृद्ध जसले हैजा महामारीदेखि कोरोनाकालसम्म देखेका छन्। ती वृद्धसँग सम्पर्क गराउने व्यक्ति हुन्, सामाजिक अभियन्ता बृजेश्वरप्रसाद चौधरी। उक्त क्षेत्रको यात्राको क्रममा गहुँ र तोरीबालीको मनमोहक दृश्य अवलोकन गर्दै हामी वीरगंजदेखि देहात सुहपुरतर्फ लाग्यौं। १०८ वर्षीय जीतमन दास थारूसँग भेट भयो। दिउँसोको समयमा उनी घरअगाडि घाम ताप्दै थिए। वृद्धसँग संवाद भइरहँदा मोहन साह तेली, सुरेन्द्र ओझैया, भोलाराम थारू, उनका छोरा नागेन्द्रदास थारूलगायतले उत्सुकतापूर्वक सुनिरहेका थिए।

पर्साको जगरनाथपुर गाउँपालिका वडा नं ४ सोहरी टोलमा वृद्ध थारूको घर छ। ‘सुहपुर’ र ‘सोहरी’ छिमेकी गाउँ हुन्। यद्यपि ‘सुहपुर–सोहरी’ संयुक्त रूपमा भन्ने चलन सदियौंदेखि छ। स्थानीयहरू सुहपुरका होऊन् वा सोहरीका ‘सुहपुर–सोहरी’ भन्दै परिचय दिन्छन्। उनको जन्म विसं १९६९ ताका पैतृक गाउँ जगरनाथपुरमा भएको थियो। मानसिक त्रासका कारण झन्डै ५० वर्षअघि उनी जगरनाथपुरबाट सुहपुरमा बसाइ सरेको बताउँछन्। चरम वृद्धावस्थामा पनि नित्यकर्म आदिमा उनलाई कसैको सहयोगको आवश्यकता पर्दैन्। उनी आफैंले भ्याउँछन्। सक्षम छन्। कहिलेकाहीं पेट दुख्नेबाहेक अन्य रोग छैन।

जन्मथलो जगरनाथपुरबाट उनको विवाह ७ वर्षको उमेरमा भएको थियो। उनी पालकी चढेर विवाह गर्न नजीकैको गाउँ सुगौली गएका थिए। त्यति बेला तिलक र दहेजको चलन थिएन। दुलही र दुलहा पक्षले आआफ्नोतर्फको खर्च आआफैंले बेहोर्ने प्रचलन थियो। जन्तीलाई ‘पका–पकाइ’ अर्थात् दही, चिउरा, चिनी र नून–खुर्सानी खुवाइन्थ्यो। सक्नेले तरकारीको पनि प्रबन्ध गर्दथे। आजको जस्तो दहेजमा मोटो रकम लिनुका साथै खानामा माछा, मासु भन्दै तय गर्ने प्रचलन थिएन।

उनका तीन सन्तान थिए। एक दुःखद घटना घट्यो। १६ वर्षीय जेठो छोराको विवाह तय भइसकेको थियो। विवाहको तयारी भइरहेको थियो। परिवारसँगै आफन्तजन, इष्टमित्र तथा गाउँलेहरूलाई निम्तो वितरण भइसकेको थिए। जन्ती जाने भन्दै सबै उल्लासमा थिए। खुशी थिए। विवाहको केही दिनपूर्व अचानक छोराको निधन भयो। पहिलेदेखि कुनै रोग थिएन। गाउँ शोकमग्न भयो। खुशियाली बिस्मात्मा परिणत भयो। जेठो छोराको पीडा कम नहुँदै एक वर्षभित्र १२ वर्षीय माहिलो छोराको पनि निधन भयो। उनी भन्छन्, “बुबाको काँधमा सन्तानको पार्थिव शरीर उठ्नुभन्दा बढी दुर्भाग्यपूर्ण अवस्था केही हुन सक्दैन। सन्तानको काँधमा मेरो शव उठ्नुपर्नेमा उल्टो भयो।” शोक र असह्य पीडाले भोक र निद्रा हराएर गयो। घरभित्र छिर्न पनि डर लाग्थ्यो।

दुई छोराको मृत्युले मन र मस्तिष्क आक्रान्त भयो। पूरा परिवार तनावमा थियो। उनी भन्छन्, “अन्ततः गाउँ छाड्ने निधो गरें। वृद्ध बुबा, पत्नी र कान्छो छोरासहित जगरनाथपुरदेखि ३ किमी पूर्वतर्फ पर्ने सुहपुर गाउँमा बसाइँ सरें।”



जीतमन दास थारू

सुहपुर गाउँको दक्षिणतर्फ गङ्गोल नदी थियो। वर्षात्को बेला जोखिम मोलेर नदी वारपार गर्नुको विकल्प थिएन। करीब ७ दशकअघि सबैभन्दा नजीकको हाट भनेको देउरवाना, जीराभवानी तथा सीमावर्ती इनर्वा र सिकटा बजार थियो। उनले भने, “मोहरिया पैसा त चलनचल्तीमा धेरैपछि आएको थियो, म बच्चादेखि युवावस्थामा आइपुग्दासम्म यस क्षेत्रमा केवल भारतीय रुपैयाँबाट कारोबार हुने गर्थ्यो।” जग्गा–जमीन, अन्नपात, गाईवस्तुलगायत हरेक कारोबार भारुमैं हुने गर्दथ्यो।”

अहिले युवाहरूले खेल्ने खेलमध्ये उनलाई फूटबाल मात्र थाहा छ। क्रिकेटको नाम सुनेका छन् तर त्यति थाहा छैन। उनलाई उनको जमानाको खेल याद छैन, अपितु खेल्ने तरीका र नियमलगायत सबै कुरा अहिलेसम्म मन र मस्तिष्कमा ताजै छ। थाडी–टीका, गुलीटाँड, कबड्डी, चिनियाबेदाम, लट्टुलगायतका खेलहरू उनले बाल्यकाल र युवावस्थामा खेलेका रहेछन्। उनी भन्छन्, “अपवादबाहेक अहिलेका पुस्तालाई यी खेलहरूको बारे शायदै थाहा होला।”

साइकल पनि धेरैपछि आएको थियो। त्यसको धेरैपछि मोटरसाइकल देख्न पाइएको थियो। उनको बेलामा सवारीसाधन दुईवटा मात्र थिए। उनी मुसुक्क हाँस्दै भन्छन्, “पहिलो थियो आफ्नै दुईवटा खुट्टा र अर्को थियो गडी अर्थात् बयलगाडा। बयलगाडा ढुवानी र सवारीसाधनको रूपमा प्रयोग गरिन्थ्यो। कसैकसैसँग मालसामान ढुवानी गर्नको लागि घोडा हुन्थ्यो। वीरगंजको यात्रा जीवनमा कतिपटक पैदल गरिएको होला भन्न कठिन छ। बुढेसकाल लागेपछि बसको सवारी गरेको हुँ। हिंडेर सीमावर्ती शहर सिकटा जानुपर्थ्यो। रेल चढेर रक्सौल पुग्थौं। त्यसपछि पैदल वा टाँगा चढेर वीरगंज जान्थौं।” सुहपुरदेखि सिकटा–रक्सौल हुँदै वीरगंज आइपुग्दा साँझ परिसक्थ्यो। पोखरिया हुँदै वीरगंज पैदल आउँदा कम्तीमा ५ देखि ६ घण्टा समय लाग्थ्यो। पहिले र अहिलेको समयको तुलना पहिलेको गाउँलाई अति दुर्गम नै भन्नुपर्छ। अचेल हुलाकी राजमार्गले उनको गाउँदेखि वीरगंजको दूरी केवल ३० मिनेटको छ।

उनी भारतको बिहारबाट आउने शिक्षकसँग अनौपचारिक शिक्षा हासिल गरेको बताउँछन्। ती शिक्षकहरूले प्रत्येक वर्ष कात्तिकदेखि वैशाखसम्म सात महीना मात्र पढाउँथे। प्रत्येक शनिवार ‘शनिचरा’मा ती शिक्षकहरूलाई चामल, दाल र तरकारी अनिवार्यरूपमा दिनुपथ्र्यो। त्यसको अलावा मासिक पारिश्रमिकको रूपमा भारु ५० पैसादेखि १ रुपैयाँसम्म गुरुदक्षिणा दिनुपथ्र्यो। ती शिक्षकहरूबाट हासिल गरेको लेखापढीसम्बन्धी ज्ञान पछि गएर उनको आर्थिक आम्दानीको स्रोत भएको थियो। त्यति बेलाउन निवेदन, तमसुक लेखेबापत वीरगंजमा नगद पाइन्थ्यो भने गाउँमा अन्नपात पाइन्थ्यो। तत्कालीन नापी तथा मालपोत कार्यालयमा आउने सेवाग्राहीको उनले करीब चार वर्ष सेवा प्रदान गरे। विसं २००४ सालमा वीरगंज छाडेको उनी बताउँछन्।

विसं २००८/२००९ सालताका पहिलोपटक काठमाडौंको यात्रा गरेको सम्झना उनलाई छ। वीरगंजदेखि हेटौंडा र भैंसे हुँदै बाइरोडको यात्रा गरेका रहेछन्। उक्त यात्रामा असाध्यै डर लागेको उनलाई केही अविस्मरणीय पल अहिलेसम्म याद छ। बिर्सेका रहेनछन्। उनले भने, “बाइरोडमा अनगिन्ती घुम्तीहरू देखें, करीब पाँच सय घुम्ती गिन्ती गरेपछि वाक्कदिक्क लागेर गिन्ती गर्न छोडिदिएँ।” त्यति बेला पहिलोपटक सुन्धारा चढेका उनी त्यसपछि पनि काठमाडौं जाँदा सुन्धारा चढ्न बिर्सन्दैनथे। विसं २०७२ को भुइँचालोमा सुन्धारा भत्केको समाचार सुनेपछि उनी असाध्यै दुःखित भएका थिए। उनी भन्छन्, “ भुइँचालोले सुन्धारा होइन, नेपालको एक इतिहासलाई विलीन पारिदियो। अन्त्य गरिदियो। त्योभन्दा राम्रो बन्न सक्ला तर मैले हेरेको र चढेको सुन्धारा हाम्रा आगामी पुस्ताहरूले देख्न र चढ्न पाउनेछैनन्।” सिमरामा भएको ‘चिलगाडी’ (हवाईजहाज) दुर्घटना हेर्न उनी वीरगंजदेखि रेल चढेर सिमरा गएका थिए। सिमरा रेलवे स्टेशनमा टिकट मास्टरको रूपमा कार्यरत सोलखपुरका आफन्त शङ्कर चौधरीको


(बाँकी चौथो पातामा)

# द्रोण पर्व-३२




महाभारतबाट सङ्कलन तथा अनुवाद

उमाशङ्कर द्विवेदी

ऊ एक्लो र असहाय भएपछि दुःशासनको पुत्रले सङ्कटापन्न अवस्थामा उसलाइ मारिदियो । उसले पहिले एक हजार हात्ती, घोडा, रथी र मानिसहरूलाइ माऱ्यो, फेरि आठ हजार रथी र नौ सय हात्तीको संहार गऱ्यो, तत्पश्चात् दुई हजार राजकुमार तथा अन्य धेरै सारो अज्ञात वीरलाई मारेर राजा बृहद्वललाई पनि यमलोक पठायो, त्यसपछि मात्र ऊ बल्ल स्वयम् मऱ्यो । यही हाम्रोलागि सबैभन्दा बढ्ता शोकको कारण हो ।

धर्मराजको कुरा सुनेर अर्जुनले पुत्र, पुत्र भन्दै उच्छ्वास लिन थाले र व्यथाबाट अत्यन्त पीडित भई पृथ्वीमाथि ढलिहाले । त्यति बेला सबैको मुखमा विषाद देखियो तथा जम्मैले अर्जुनलाई चारैतिरबाट घेरेर निर्निमेष नेत्रबाट एकअर्कालाई हेर्न थाले । अलिक बेरमा अर्जुन चैतन्य भएर क्रोधित भई भने- म तपाईंहरूको सामु यो साँचो प्रतिज्ञा गरिरहेको छु कि यदि जयद्रथले कौरवहरूको आश्रय त्यागी भागेर गएन अथवा हाम्रो वा भगवान् श्रीकृष्णको अथवा युधिष्ठिरको शरणमा आएन भने भोलि म उसलाई अवश्य नै मार्नेछु । कौरवहरूको प्रिय गर्ने पापी जयद्रथ नै त्यस बालकको वधको निमित्त बनेको थियो, अतः निश्चय नै भोलि उसलाई यमलोक पठाउनेछु । भोलि उसलाई मार्न नसकेमा माता-पिताको हत्या गर्ने, गुरुस्त्रीगामी, साधुनिन्दक, अर्कामाथि कलङ्क लगाउने, नासो पचाउने र विश्वासघाती पुरुषको जुन गति हुन्छ, त्यही गति मेरो पनि होस् । मेरो यो अर्को प्रतिज्ञा पनि सुन्नुस्- यदि भोलि सूर्यास्त हुनुभन्दा अगावै जयद्रथलाई मार्न सकिनँ भने म स्वयम् नै दन्किरहेको आगोमा प्रवेश गरिहाल्नेछु । देउता, असुर, मनुष्य, पक्षी, नाग, पितर, राक्षस, ब्रह्मर्षि, देवर्षि, यो चराचर जगत् तथा यसबाहेक पनि केही छ भने त्यसले पनि- यी जम्मैले मिलेर पनि मेरो शत्रुको रक्षा गर्न सक्नेछैनन् । यदि जयद्रथ पातालमा छिऱ्यो अथवा त्यसभन्दा पनि भित्र गयो अथवा अन्तरिक्षमा, देउताहरूको नगरमा वा दैत्यपुरीमा पनि भागेर लुक्यो भने पनि भोलि म आफ्नो सयकडौं बाणबाट अभिमन्युको त्यस शत्रुको शिरोच्छेद गर्ने नै छु ।

यति भनेर अर्जुनले गाण्डीव धनुषको टङ्कार गरे, त्यसको ध्वनि आकाशमा गुञ्जायमान भयो । अर्जुनको यस्तो प्रतिज्ञा सुनेर श्रीकृष्णले आफ्नो पाञ्चजन्य



शङ्ख बजाए र कुपित भएका अर्जुनले देवदत्त नामक शङ्ख बजाए । त्यो शङ्खनाद सुनेर आकाश-पातालसहित सम्पूर्ण जगत् काम्यो । त्यति बेला शिविरमा युद्धका बाजाहरू बज्न थाले र पाण्डवहरूले सिंहनाद गर्न थाले ।

दूतहरूले जयद्रथसित अर्जुनको प्रतिज्ञाबारे सूचित गरे । समाचार सुनेर जयद्रथ भयविह्वल हुन पुग्यो । ऊ धेरै सोचविचार गरेर राजाहरूको सभामा गयो र त्यहाँ गएर रोइकराइ गर्न थाल्यो । अर्जुनबाट तर्सेर उसले लाज मान्दै भन्यो- राजाहरू, पाण्डवहरूको हर्षध्वनिले मलाई बडो डर लागिरहेको छ । मरणासन्न मानिसझैं मेरो सम्पूर्ण शरीर शिथिल भइरहेको छ । निश्चय नै अर्जुनले मेरो वध गर्ने प्रतिज्ञा गरेका छन् र त शोकको समयमा पनि पाण्डवहरूले हर्ष मनाइरहेका छन् । यदि यस्तो कुरा छ भने अर्जुनको प्रतिज्ञालाई देउता, गन्धर्व, असुर, नाग र राक्षसहरूले पनि अन्यथा गर्न सक्दैनन्, नरेशहरूको त के कुरा ? अतः तपाईंहरूको भलो होस्, मलाई यहाँबाट जाने आज्ञा दिनुहोस् । म गएर यस्तो ठाउँमा लुक्नेछु, जहाँ पाण्डवले मलाई फेला पार्न सक्दैनन् ।

जयद्रथलाई यस प्रकार भयबाट व्याकुल भएर विलाप गरिरहेको देखेर राजा दुर्योधनले भने- पुरुषश्रेष्ठ, तिमी यति साऱ्हो भयभीत नहोऊ । युद्धमा सम्पूर्ण वीरहरूको बीचमा रहँदा तिमीलाई कसले फेला पार्न सक्छ । म, कर्ण, चित्रसेन, विविंशति, भूरिश्रवा, शल, शल्य, वृषसेन, पुरुमित्र, जय, भोज, सुदक्षिण, सत्यव्रत, विकर्ण, दुर्मुख, दुःशासन, सुबाहु, कलिङ्कराज, विन्द, अनुविन्द, द्रोण, अश्वत्थामा, शकुनि- यिनीहरू तथा अरू पनि धेरैजसो राजा आआफ्नो सेनाको साथ तिम्रो रक्षाको लागि साथमा हिंड्नेछन् । तिमी आफ्नो चिन्ता त्यागिदेऊ । सिन्धुराज, तिमी स्वयम् पनि श्रेष्ठ महारथी हौ, शूरवी हौ, अनि पाण्डवहरूसित किन तर्सिरहेका छौ ? मेरो सम्पूर्ण सेना तिम्रो रक्षाको लागि सावधान रहनेछ, तिमी आफ्नो भय मनबाट हटाऊ ।

राजन्, तपाईंको पुत्रले यस प्रकारको आश्वासन दिएपछि जयद्रथले उसलाई साथमा लिएर रात्रिबेलामा गुरु द्रोणाचार्यको छेउमा गयो । आचार्यलाई नमस्कार गरेर उसले सोध्यो- भगवन्, टाढाको लक्ष्य भेदन गर्नमा, हातको फुर्तीमा तथा दृढ तारो हान्नमा को ठूलो- म वा अर्जुन ?

द्रोणाचार्यले भने- तात, यद्यपि तिमी र अर्जुन दुवैको म एक्लो आचार्य हुँ, तथापि अभ्यास र क्लेश सहन गरेको कारण अर्जुन तिमीभन्दा ठूलो छ । तैपनि तिमीले ऊसित भयभीत हुनुहुँदैन, किनकि म तिम्रो रक्षक हुँ । मेरा भुजाहरूले जसको रक्षा गर्दछ, त्यसमाथि देउताहरूको पनि जोड चल्दैन । म यस्तो व्यूह रचना गर्नेछु जहाँ अर्जुन छिर्नै सक्दैन । त्यसैले न तर्स, उत्साहले युद्ध गर । तिमी जस्तो वीरलाई त मृत्युको भय हुनु नै हुँदैन, किनकि तपस्वीहरूले तप गरेर जुन लोक प्राप्त गर्दछन्, क्षत्रिय धर्मको आश्रय लिने वीर पुरुषले त्यसलाई अनायास नै प्राप्त गरिहाल्दछ । क्रमशः...

# प्यारी छोरी राधा



एकाङ्की

समीर पाखिन

*गताङ्कको बाँकी...*

हरिशङ्कर : म आधा घण्टामा आएँ है सीमा । (वेगले प्रस्थान गर्छ)

सीमा : ल फेरि कता ?

राधा : मालिक्नी साहेब, चामल केलाउँ ?

सीमा : पर्दैन । म आफैं केलाउँछु । अनि आन्टीहरूले अरू के के सोधे त ?

राधा : घरमा के-के काम गर्छौ भनेर सोधे । उनीहरूले मलाई सँगै राखेर फोटो पनि खिंचे ।

सीमा : (आत्तिए जस्तो भावभङ्गीमा) के...? फोटो पनि खिच्यो अरे ? लौ माऱ्यो !

राधा : हजुर मालिक्नी साहेब ।

सीमा : ल ल जा । यो केटी मेरोलागि बाधक नै बन्ने हो कि क्या हो ? (हरिशङ्कर आइपुग्छ । उसको हातमा कुनै गार्मेन्ट कम्पनीको ब्याग छ । ऊ उसै गरी सोफामा बस्छ ।)

हरिशङ्कर : राधा... छोरी राधा !

सीमा : (आश्चर्य मान्दै हरिशङ्करतिर हेर्छिन् र) के ल्याउनु भो ?

राधा : (दौड्दै प्रवेश) हजुर मालिक साहेब ।

हरिशङ्कर : राधा, अब हामीलाई मालिक-मालिक्नी भन्ने होइन है । ममी-बाबा भन्नुपर्छ । अबदेखि राधा हाम्रो छोरी । यो झोलामा नयाँ कपडा छ लगाएर हामी भएकोमा आऊ चाँडो । (हरिशङ्करले बढो स्नेहका साथ राधालाई झोला दिन्छन् र सीमातिर हेर्दै मुसुमुसु हाँस्छन्)

सीमा : खै मैले त केही पनि बुझिनँ है । के गर्न लाग्नुभएको ?

हरिशङ्कर : तिमीलाई केन्द्रीय अध्यक्ष बनाउने सूत्र हो यो । हेर्दै जाऊ न । (राधा नयाँ कपडा लगाएर बैठक कोठामा आउँछे । अहिले राधा नयाँ कपडामा राम्री पनि देखिएकी छे । सीमा र हरिशङ्कर राधालाई हेर्दै मुसुमुसु हाँस्छन् । हरिशङ्करले राधालाई सोफामा आफूसँगै राख्छन् । अँगालो हाल्छन् र आफ्नो मोबाइलबाट केही सेल्फी लिन्छन् । त्यसपछि सीमाको पनि उसैगरी राधासँग अँगालो हालेको, राधालाई म्वाइँ खाँदै गरेको दर्जनजति फोटो खिच्छन् र अन्तमा दुवैले राधालाई बीचमा राखेर केही सेल्फी लिन्छन् । फोटो खिंचेपछि फोटो क्याप्सनमा "प्यारी छोरी राधा" लेखेर फोटाहरू फेसबूकमा अपलोड गर्दै आफ्ना केही मित्रलाई र पत्नी सीमालाई ट्याग गर्छन् । यसरी फोटो अपलोड गरेपछि दुवै फेसबूक खोलेर बस्छन् ।

हरिशङ्कर : ल हेर, कति चाँडो लाइक कमेन्ट पनि आउन थाले ।

सीमा : मलाई पनि सङ्गठनका साथीहरूले बधाई ! गूड जब ! कन्ग्राच्युलेशन ! जस्ता कमेन्टहरू धमाधम पठाउन थाले । (केही समयमैं हरिशङ्कर र सीमाको वालमा बधाई सन्देशको ओइरो लाग्छ । अघिसम्म बालश्रम शोषणको आरोप लगाएर सीमालाई पदच्युत गराउन खोज्ने "सक्षम महिला सङ्गठन"का अभियन्ताहरूले पनि सीमाको फेसबूक वालमा धमाधम बधाई सन्देश पठाउँछन्) हजुरको सूत्र काम लागेको जस्तो छ ।

हरिशङ्कर : किन नलाग्नु त । के म चानचुने मान्छे हुँ र । अब तिमीले केन्द्रीय अध्यक्षको पद सुरक्षित सम्झिए हुन्छ ।

सीमा : (प्रसन्न मुद्रामा) हजुरलाई धेरैधेरै धन्यवाद ।

हरिशङ्कर : धन्यवादले मात्र पुग्दैन ।

सीमा : अरू के त ?

हरिशङ्कर : यो कामको त मलाई ज्याला नै चाहिन्छ । (हरिशङ्करले सीमालाई अँगालो हाल्न खोज्छन्)

सीमा : (कामुक नजरले हेर्दै धकेलिदिन्छे) छिः ! बूढो भएर पनि कति मात्तिनुभएको ।

समाप्त

## जिउँदो इतिहास....

कारण रेलको यात्रा सम्भव भएको उनी सम्झन्छन् ।

विसं १९९० सालको भुइँचालो धेरै शक्तिशाली रहेको उनी बताउँछन् । उनी भन्छन्, "यस्तो लाग्थ्यो कि धर्तीको सतहमुनि महाभारत युद्ध भइरहेको छ, गडगडाहट यति भयानक थियो कि मानौं जमीनमुनि तोप चलिरहेको छ ।" उनले धर्तीमा धाँजो परेको, धाँजोबाट कलकल पानीको भेल बगेको प्रत्यक्ष देखेका रहेछन् । दाइँ गर्नको लागि दुईवटा खलियानीमा बिछ्याइएको धान धाँजोभित्र विलीन भएको उनी बताउँछन् ।

झन्डै ११ दशकको जीवनमा उनले दुई सन्तानको अवसान, हैजाको महामारी र विसं १९९० को भुइँचालोलाई असाध्यै डरलाग्दो र भयावह अवस्थाको रूपमा सम्झिरहन्छन् । देहाती जीवनशैलीमा सुखसुविधा शून्य थियो । देहाती जीवन कडा परिश्रममा आधारित थियो । खेतीकिसानीदेखि यात्रासम्म शारीरिक श्रममा निर्भर थियो । त्यसैले रोगलगायतका समस्याहरू कम हुन्थ्यो । असाध्य रोग भएमा चिकित्सालयको अभावले बाँच्ने अवस्था 'भगवानभरोसे' थियो । हैजादेखि कोरोनासम्म देखेका पुरनियाँहरू जिउँदा इतिहास हुन् भन्नुपर्दा कुनै अतिश्योक्ति नहोला ।

# श्रीपञ्चमी पर्वका धार्मिक, सामाजिक तथा सांस्कृतिक पक्ष

आलेख



बासुदेवलाल दास पिएचडी

इतिहास विभाग, ठाकुर राम बहुमुखी क्याम्पस, वीरगंज

**श्रीपञ्चमी पर्व विषयक सांस्कृतिक परम्पराबारे अध्ययन गर्दा यस क्षेत्रमा यस दिन आफ्ना बालबालिकालाई अक्षरारम्भ अर्थात् विद्यारम्भ तथा वेदारम्भ संस्कार गराउने गरिएको पाइन्छ । हिन्दूहरूले मानेका सोह्र संस्कारमध्ये यी संस्कारहरू पर्दछन् ।**

परिचयः

माघ महीनाको शुक्ल पक्षको पञ्चमी तिथिलाई श्रीपञ्चमी अथवा वसन्तपञ्चमी भनिन्छ । यस दिन श्रीसरस्वती देवीको पूजा गर्ने प्रचलन रहेकोले यसलाई सरस्वती-पूजा भनेर पनि अभिहित गरिन्छ । नेपालको प्रदेश नं २ क्षेत्रमा यो पर्व मनाउने परम्परालाई अध्ययन गर्दा यसका धार्मिक, सामाजिक तथा सांस्कृतिक जस्ता पक्षहरू रहेका देखिन्छन् । यस आलेखमा यिनै कुराहरूबारे संक्षेपमा चर्चा गरिएको छ ।

श्रीपञ्चमी शब्दमा रहेको 'श्री' शब्दले धनकी देवी लक्ष्मीलाई सम्बोधन गरिएको हो । एउटा मान्यता अनुसार समुद्र-मन्थनबाट यसै तिथिमा लक्ष्मीको उत्पत्ति भएकोले यसलाई श्रीपञ्चमी भनिएको हो । अर्कोतिर, यसलाई वसन्तपञ्चमी पनि भनिन्छ । वसन्त भनेको वर्षका ६ वटा ऋतुमध्येको एउटा ऋतु हो, जुन प्राच्य धारणा अनुसार चैत र वैशाख महीनामा पर्ने गर्दछ । वसन्त ऋतुलाई प्रीति र अनुरागका देवता कामदेवको सहचरको रूपमा स्वीकार गरिएकोले एवं रतिका साथै कामदेवको पूजा माघ शुक्ल पञ्चमी तिथिमा गरिने प्रचलन भएकाले यस पञ्चमी तिथिलाई वसन्त-पञ्चमी भनिएको हो । माघ शुक्ल पञ्चमीका दिन वसन्तोत्सव मनाइने तथा 'वसन्त-राग' श्रवण गर्ने गरिन्छ ।

धार्मिक पक्षः-

माघ शुक्ल पञ्चमी तिथिमा गरिने पारम्परिक धार्मिक अनुष्ठानबारे अध्ययन गर्दा यस दिन देवी सरस्वतीको अवतार-दिवस मानेर पूजा गर्ने प्रचलन रहेको थाहा हुन्छ । सरस्वतीलाई आदि-सृष्टिकर्ता ब्रह्माको मुखबाट उत्पन्न भएकी भनिन्छ । यी देवीलाई वाणी, विद्या र ज्ञानकी अधिष्ठात्री एवं सत्त्वगुणले सम्पन्न भनिएको छ । यिनलाई गौरवर्णा, चतुर्भुजी, वीणा, पुस्तक, स्फटिकमाला धारण गरेकी, श्वेतवस्त्रावृत्ता र श्वेतपद्मासना भनी वर्णन गरिएको पाइन्छ । यिनको वाहन हंस र उपवाहनको रूपमा मयूर रहेको हुन्छ । यिनको प्रतीक-चिह्नको रूपमा दुईवटा त्रिभुजलाई परस्पर एकअर्काको माथि उर्ध्वमुख र अधोमुख पारेर राखेर बनाइएको षट्कोणलाई मानिन्छ । यिनको निवास प्राणीको जिब्रोमा वाक् रूपमा रहने मान्यता पाइन्छ । भनिन्छ कि सरस्वतीको प्रतिकूलताले गर्दा नै वरदान माग्ने बेला रावणका भाइ कुम्भकर्णको मुखबाट इन्द्रासनको सट्टा निद्रासन शब्द निस्केको थियो । यस्तै मन्थराको बुद्धि विपरीत बनाएर कैकेयीद्वारा रामलाई वनबास पठाइनुमा पनि सरस्वतीलाई नै जिम्मेवार भनिन्छ । मत्स्यपुराणमा सरस्वतीको सौन्दर्यमा मुग्ध भएका ब्रह्माको चारैतिर सरस्वती घुम्न थाल्दा उनलाई नियालिरहन ब्रह्माका चारैतिर मुखहरू आइलागेको भन्ने वर्णन पाइन्छ । यस्तै, सरस्वतीलाई शिव र दुर्गाकी छोरी तथा ब्रह्माकी पत्नीको रूपमा पनि वर्णनहरू गरिएका पाइन्छन् । त्यस्तै, एउटा प्रसङ्गमा ब्रह्माले गायत्रीसित विवाह गरी एउटा यज्ञलाई पूर्ण गरेकोमा यसबाट सरस्वती उनीदेखि अप्रसन्न भएकी एवं ब्रह्माको पूजा कसैले नगरोस् भनी सराप दिएकी भन्ने वर्णन पनि पाइन्छ ।

सरस्वतीदेवीलाई महालक्ष्मी र महाकालीका साथ महासरस्वती भनेर त्रिदेवीको रूपमा विशेष प्रकारले पूजा गर्ने प्रचलन छ । यिनीहरूमा सरस्वती, लक्ष्मी र कालीलाई क्रमशः ब्रह्मा, विष्णु र महेशकी शक्तिको रूपमा ठानिएको पाइन्छ, जुन क्रमशः सृष्टि, सम्भार र संहारका देवताहरू मानिन्छन् । शारदीय-नवरात्रमा, अर्थात् आश्विन शुक्ल पक्षमा मूल नक्षत्रमा आह्वान गरेर श्रवण नक्षत्रमा विसर्जन गर्ने गरी सरस्वतीको पूजाको विधान गरिएको पाइन्छ । यसरी नै चैत्र शुक्ल पक्षमा, अर्थात् वासन्ती-नवरात्रमा पनि उपर्युक्त तीनवटा महाशक्तिहरूको पूजाको विधान रहेको छ । माघ शुक्ल पञ्चमीका दिन गरिने सरस्वतीको पूजा चाहिं आगमोक्त विधि अनुसार वार्षिकरूपमा गरिने पूजा हो । सरस्वतीका अन्य नामहरूमा इरा, ईश्वरी, गिरा, ब्राह्मी, भारती, भाषा, महाश्वेता, वाक्, वाग्देवी, वागीश्वरी, वाणी, विधात्री, वीणापाणि, शारदा, सन्ध्येश्वरी इत्यादि हुन् । यीमध्ये शारदालाई कश्मीरकी देवी भनिन्छ । कश्मीरमा प्रचलित लिपिलाई 'शारदामण्डल' भनिन्छ, जसलाई मूलरूपमा ईसवीय सन्को दशौं शताब्दीतिर कुटिल-लिपिबाट विकसित भएको लिपि भनेर स्वीकार गरिएको छ । यो लिपिको प्रचार कश्मीर र पञ्जाब क्षेत्रमा भएको थियो । यसरी नै सरस्वतीको उपासना शब्दब्रह्मको रूपमा वाणीदायिनी, तालब्रह्मको रूपमा स्वरदायिनी र नादब्रह्मको रूपमा ध्यानदायिनी भनेर समेत गरिएको पाइन्छ ।


माघ शुक्ल पञ्चमीका दिन सरस्वतीको पूजा विद्यालय, महाविद्यालय (क्याम्पस) जस्ता शैक्षिक संस्था र प्रतिष्ठानहरूमा शिक्षक र विद्यार्थीवर्गले मात्र गर्ने परम्परा रहेकोमा हाल यो एक प्रकारको प्रदर्शन र मनोरञ्जनको साधन जस्तै टोल-टोलमा तथा घर-घरमा गर्न थालिएको देखिन्छ । अर्कोतिर, सरस्वतीको पूजा तान्त्रिक विधिबाट पनि गर्ने गरिन्छ । यस अन्तर्गत त्रिभुजाकार आकृतिबाट विशेष प्रकारले निर्माण गरिएको यन्त्रको प्रयोग गरिन्छ, जसमा त्रिभुज-विशेषका लहरलाई तीनवटै छेउको भागबाट गणना गर्दा सातवटा नै देखिन्छ (यस यन्त्रको तथा माथि उल्लिखित षट्कोणका चित्रहरू यस आलेखको अन्त्यमा राखिएका छन्) । यस यन्त्रका साथ सरस्वतीको उपासना गर्दा अनेक किसिमका सिद्धि प्राप्त गर्न सकिने विश्वास रहेको पाइन्छ । अर्कोतिर, मेरुतन्त्र, बृहद्नीलतन्त्र जस्ता तान्त्रिक-ग्रन्थहरूमा सप्तसरस्वती तथा नीलसरस्वतीको उपासनाको वर्णन गरिएको पाइन्छ । नीलसरस्वतीको मन्दिर नेपालमा काठमाडौंमा गैह्रीधारानजीक नीलसरस्वती-मार्गमा स्थापित रहेको छ । यस्तै भारतको बिहार राज्यको सहरसा जिल्लामा अवस्थित महिषी गाउँमा समेत नीलसरस्वतीको मन्दिर छ । पालकालीन अभिलेखमा यसको उल्लेख उरूनीलपद्मा भनेर गरिएको छ । वास्तवमा यो महाविद्या ताराको एउटा स्वरूप हो । तान्त्रिक साहित्यमा ताराका एकजटा, उग्रतारा र नीलसरस्वती गरी तीनवटा रूपको वर्णन पाइन्छ । सरस्वतीको उपासना, ध्यान र पूजन गर्नाले ज्ञानको प्रकाशले मन प्रकाशित हुनु, आत्मविश्वासमा वृद्धि हुनु, स्मरण-शक्ति र एकाग्रता बढ्नुका साथै वाणी-दोषको निवारण तथा वाक्शक्तिको विकास हुने गर्दछ, जसले व्यक्तिलाई अभिव्यक्तिशील बनाउन मदत गर्दछ भन्ने मान्यता रहेको छ । यसैगरी, माघ शुक्ल पञ्चमीका दिन रति-काम पूजा गर्ने प्रचलनसमेत रहेको छ । कामदेवलाई प्रेम, सौन्दर्य, अनुराग र वासनाका देवता तथा रतिलाई कामदेवकी पत्नी मानिन्छ । यस दिन रति-काम पूजा गर्नाले दाम्पत्य-जीवन सुखमय र आनन्दमय हुने धारणा रहेको पाइन्छ ।

यस क्षेत्रको समाजमा श्रीपञ्चमीको महत्त्वलाई अर्को प्रकारले पनि हेर्न सकिन्छ । समाजमा कसैको हात वा खुट्टामा अहिला (छालामा निस्किने साऱ्हो डल्लो विशेष) पलाएमा शिवजीको मन्दिरमा भन्टाको भार अथवा धानको मोर (मोरि) चढाउने भाकल गरेमा त्यो निको हुने विश्वास रहेको पाइन्छ । यसरी भाकल गरे अनुसार चढाइने भन्टाको भार र मोर (मोरि) श्रीपञ्चमीका दिन नै चढाइने गरिन्छ । यसमा मोर (मोरि) भनेको मोरियारी (धानको बोटबाट निकालिएको पराल विशेष)को पोकोलाई एक छेउमा बाँधेर विषेश प्रकारको बोराजस्तो बनाएर त्यसमा धान राखेर परालबाट नै बनाइएको डोरीले बाँधिएको पोको हुन्छ भने भन्टाको भार भनेको एउटा लट्ठीको दुवै छेउमा एउटा-एउटा भन्टा घोचेर बनाइन्छ तथा भन्टा आफ्नो अगाडि र पछाडि पारेर काँधमाथि बोक्ने गरिन्छ । यसरी चढाइएका मोर (मोरि) तथा भन्टाका भार जति सबै त्यस मन्दिरका पुजारीले लिने गर्दछन् । त्यस्तै, श्रीपञ्चमीका दिन शिवालय स्थानमा ब्राह्मण-भोजन गराउने प्रचलन रहेको पाइन्छ भने कतिपय व्यक्ति पवित्र नदीबाट जल लिएको काँवर बोकेर शिवालयमा पुगेर चढाउनेसमेत गर्दछन् । अर्कोतिर, यस क्षेत्रका कतिपय गाउँहरूमा यस श्रीपञ्चमीका दिन ग्रामदेवताको स्थानमा, जसलाई अर्को शब्दमा ब्रह्म-डिहबार स्थान पनि भनिन्छ, वार्षिकरूपमा गरिने पूजा सम्पन्न गरिन्छ । यस्तो पूजालाई लोकबोलीमा गमेला-पूजा भनिन्छ ।


**सामाजिक पक्षः-**

यस क्षेत्रमा माघ शुक्ल पञ्चमी अर्थात् श्रीपञ्चमी तिथिलाई स्थानीय बोलीमा "सिरपचई" भनेर विशेष उत्साहका साथ मनाइने गरिन्छ । यस क्षेत्रको समाज, परम्परागत दृष्टिकोणले हेर्दा, जातिगतरूपमा निर्मित रहेको कृषिप्रधान समाज हो । समाजमा रहेका व्यावसायिक सेवासित सम्बन्धित अनेक जातिमध्ये एउटा जाति लोहार हो । लोहार जाति पौनी-पसारी समूह अन्तर्गत पर्ने जाति हो । स्थानीय भाषामा फलामलाई लोहा भनिन्छ, अतः यससित सम्बन्धित भएकोले यस जातिलाई लोहार भनिएको हो । लोहारको परम्परागत पेशा भनेको फलामबाट अनेक प्रकारका औजारहरू निर्माण गर्नु हो, जसमा कृषि कार्यमा प्रयुक्त हुने औजारहरूसमेत हुन्छन् । लोहारले काम गर्ने स्थानलाई 'लोहसारि' भनिन्छ । श्रीपञ्चमीका दिन लोहसारि स्थानमा गाईको गोबरले लिपेर पवित्र पारिन्छ । त्यसपछि गाउँभरिका कृषि

(बाँकी पाँचौं पातामा)



श्री सरस्वती यन्त्रको चित्र



श्री सरस्वतीको प्रतीक चिह्न षट्कोण

# अन्तर्राष्ट्रिय समाचार

## प्रतिबन्धहरू फुकुवा गर्न अमेरिकासँग इरानको पुनः आग्रह

तेहरान, ७ फागुन/एएफपी

इरानले अमेरिकी पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पले इरानविरुद्ध लगाएका सबै किसिमका प्रतिबन्ध फुकुवा गर्न शुक्रवार नयाँ अमेरिकी प्रशासनसमक्ष पुनः आग्रह गरेको छ ।

अमेरिकी राष्ट्रपति जो बाइडेनको प्रशासनले इरानको आणविक समस्यालाई लिएर वार्ता गर्न इच्छा व्यक्त गरेलगत्तै इरानले उक्त धारणा सार्वजनिक गरेको हो । इरानी विदेशमन्त्री मोहम्मद जावाद जरिफले ट्वीट गर्दै पूर्व अमेरिकी राष्ट्रपति ट्रम्पले इरानविरुद्ध लगाएका सबै किसिमका प्रतिबन्ध विनाशर्त र प्रभावकारीरूपबाट तत्कालै फिर्ता लिन आग्रह गरेका छन् ।

बिहीवार युरोपेली गठबन्धनका मुलुकहरूको अगुवाइमा बाइडेन प्रशासनले इरानसँग वार्ता गर्न इच्छुक रहेको जनाएको थियो । इरानसँग सन् २०१५ मा भएको आणविक सम्झौतालाई बचाउन पनि अमेरिका र युरोपेली मुलुकहरू एक ठाउँमा उभिन लागेका हुन् ।

इरानले आणविक सम्झौता कायम राख्न आइतवारसम्मको समयावधि तोकेको थियो । इरानको परिस्थिति निकै नाजूक बनिसकेको जनाउँदै अझै युरोपेली मुलुकको मात्र कुरा सुनेर धैर्य गर्न नसकिने इरानको भनाइ थियो । अमेरिकी नयाँ विदेशमन्त्री एन्टोनी ब्लिन्केनले इरानलाई आइतवारकै समयसीमा नतोक्न आग्रह गरेका थिए ।

फ्रान्स, बेलायत र जर्मनीका विदेशमन्त्रीहरूसँगको भिडियो कन्फ्रेन्स सम्पन्न भएको केही घण्टापछि युरोपेली युनियनका राजनीतिक निर्देशक एन्रिक मोराले ट्वीट गर्दै इरान र अमेरिका सम्मिलित अनौपचारिक बैठक गर्न सहमति जुटेको जानकारी दिएका थिए । अमेरिकी विदेश मन्त्रालयका प्रवक्ता नेड प्राइसले इरानी आणविक कार्यक्रमका बारेमा कूटनीतिक पहलका लागि इरान र आणविक सम्झौताका पक्ष राष्ट्रहरूबीच छलफल गर्न गरिएको निमन्त्रणालाई अमेरिकाले स्वीकार गरेको बताएका छन् ।

इरानको सन् २०१५ को आणविक सम्झौतामा राष्ट्रसङ्घको स्थायी समितिका सदस्यहरू बेलायत, चीन, फ्रान्स, रसिया, अमेरिका तथा जर्मनीले हस्ताक्षर गरेका थिए । उक्त सम्झौता तत्कालीन अमेरिकी राष्ट्रपति बाराक ओबामाको अग्रसरतामा भएको थियो । सम्झौतापछि इरानले आफ्नो आणविक कार्यक्रमलाई व्यापक कटौती गरेको थियो, जसको बदलामा इरानमाथि लागेका आर्थिक नाकाबन्दीहरू फुकुवा गरिएको थियो ।

तर आणविक सम्झौताप्रति विमति राख्दै तत्कालीन राष्ट्रपति ट्रम्पले सन् २०१८ मा उक्त सम्झौताबाट अमेरिका बाहिरिएको घोषणा गरी इरानविरुद्ध कडा प्रतिबन्धहरू लगाएका थिए । रासस

## कमला सिंचाइलाई पर्यटकीय क्षेत्र पनि बनाइँदै

प्रस, सिराहा, ७ फागुन/

कमला सिंचाइको केही भागलाई पर्यटकीय क्षेत्रको रूपमा विकास गरिने तयारी भएको छ । सिंचाइको पूर्वी मूलद्वारलाई पर्यटक क्षेत्रको रूपमा विकास गर्न लागिएको हो ।

सिराहाको कर्जन्हा नगरपालिका–२ स्थित सरकारले मनाउन लागेको पर्यटन वर्षलाई फलदायी बनाउने उद्देश्यले कमला सिंचाइ व्यवस्थापन कार्यालय धनुषाले कमला सिंचाइको पूर्वी मूलद्वारलाई पर्यटकीय क्षेत्रको रूपमा विकास गर्न लागेको हो ।

पछिल्लो समय कमला सिंचाइको पूर्वी मूलद्वारमा घुमफिर गर्नेदेखि वनभोज गर्न आउनेको सङ्ख्या बढ्दै गरेको स्थानीय राजकुमार लामाले बताए । उनले भने, "पहिला पहिला त्यहाँ खासै सर्वसाधारणको चहलपहल थिएन, तर पर्यटकलाई आकर्षित गर्न त्यहाँ भौतिक संरचना निर्माण गरिएपछि बिस्तारै चहलपहल बढ्न थालेको छ ।" कमला नदीबाट सिंचाइ गर्न बनाइएको सिंचाइ आयोजनाको मूलद्वारमा आन्तरिक पर्यटक आउने गरेकाले त्यो स्थानलाई पर्यटकीय क्षेत्रको रूपमा विकास गर्ने योजना ल्याएको कमला सिंचाइ व्यवस्थापन कार्यालय धनुषाका प्रमुख विनयकुमार गामीले बताए । धार्मिकस्थलको रूपमा समेत परिचित कमला नदीमा नुहाउन आउने श्रद्धालु बढ्दै गएको प्रमुख गामीले बताए ।

सो स्थानलाई आर्थिक वर्ष २०७६/०७७ देखि नै पर्यटकीय क्षेत्रको रूपमा विकास गर्न लागिएको हो । यसबाट आन्तरिक पर्यटकसँगै बाह्य पर्यटकसमेत आउने विश्वास लिइएको प्रमुख गामीको भनाइ छ । पूर्व–पश्चिम लोकमार्ग अन्तर्गत बन्दीपुरदेखि करीब एक किलोमिटरको दूरीमा रहेको सो क्षेत्रमा करीब रु २० लाखको लागतमा सडक ग्रेभल, पोखरी निर्माण, नहरवरिपरि आकर्षक घाँस रोपण, वृक्षरोपण, रङरोगन, रेलिङ, पर्यटक बस्ने कुर्सी निर्माण गरिएको प्रमुख गामीले बताए । प्रमुख गामीका अनुसार चालू आर्थिक वर्षभित्र बन्दीपुरदेखि करीब एक किलोमिटर सडकलाई कालोपत्रे गरिनेछ ।

सो स्थलमा नयाँ निर्माण गरिएको पोखरीमा डुङ्गा राख्ने योजनासमेत रहेको कमला सिंचाइ व्यवस्थापन कार्यालयले जनाएको छ । चुरेको फेदमा रमणीय स्थलको रूपमा रहेको सो स्थलमा पहाड क्षेत्र खोला, मूलगेट निर्माण गरिएको छ ।

आन्तरिक र बाह्य पर्यटकलाई आकर्षित गर्न बनाइएका संरचनासँगै किसानलाई बाह्रै महीना मौसमी, बेमौसमी तरकारीखेती गर्न नर्सरी माइनर योजना अन्तर्गत कुलोसमेत निर्माण गरिएको छ । पाँच सय बिघा क्षेत्रफलमा फैलिएको सो क्षेत्रका किसानका खेतमा जेठसम्म सिंचाइ पुऱ्याउन कुलो निर्माण गरिएको छ ।

## पाडापाडीसहित तीनजना पक्राउ



प्रहरी चौकी मिलनचोकमा स्थानीयहरू । तस्वीरः प्रतीक

प्रस, पर्सागढी, ७ फागुन/

जिल्ला प्रहरी कार्यालय, पर्साको अपराध अनुसन्धान शाखाले पर्सागढी नगरपालिकाबाट सातवटा पाडापाडीसहित तीनजनालाई नियन्त्रणमा लिएको छ ।

भारतबाट विनाक्वारेन्टाइन अवैध तरीकाले पाडापाडी भित्रिरहेको सूचनाको आधारमा तीनजनासहित पाडापाडी नियन्त्रणमा लिएकोमा स्थानीय एकजना निर्दोष परेको भन्दै प्रहरी चौकी मिलनचोकमा स्थानीयले विरोध गरेका थिए ।

पर्सागढी नपा–२ सन्तोष पासवानले आफ्नो दुईवटा पाडी शुक्रवार बाराको जीतपुरसिमरा उपमहानगरमा लाग्ने भैंसी बजारमा बिक्रीका लागि लग्ने क्रममा निजलाई पक्राउ गरी पाडापाडी नियन्त्रणमा लिएको स्थानीयको भनाइ छ ।

यसबारेमा अपराध अनुसन्धान शाखा पर्साका शोभन राणासँग बुझ्दा उनले गहुँसँग घुन मिसिएको हुन सक्ने बताए । बरामद पाडापाडीलाई भन्सार पठाइएकोले आफूले केही गर्न नसकेको उनको भनाइ छ । पक्राउ परेका तीनजनालाई प्रहरी चौकी मिलनचोकमा राखिएको छ । पक्राउ परेकामध्ये पासवान निर्दोष भएको र उनी चालक भएको भन्दै उनलाई रिहा गर्न र उनको पाडी फिर्ता गर्न गाउँलेले दबाब दिएका छन् । भारतीय पाडापाडी बरामद गर्ने क्रममा प्रहरीले स्थानीयलाई दुःख दिन नहुने उनीहरूको भनाइ छ ।

## सामाजिक कुरीतिविरुद्ध चेतनामूलक कार्यक्रम

प्रस, वीरगंज, ७ फागुन/

बाराको कलैया उपमहानगरपालिका–७ स्थित दुर्गा नमूना मावि बरेवामा दाइजो एवं सामाजिक कुरीतिविरुद्ध जनचेतनामूलक कार्यक्रम भएको छ ।




तस्वीरः सौजन्य

दाइजो एवं सामाजिक कुरीतिविरुद्ध जागरण मञ्च तथा जनजागरण सामाजिक संस्थाले आयोजना गरेको कार्यक्रमको अध्यक्षता बृजप्रसाद चौधरीले गरेका थिए । कार्यक्रममा प्रहरी निरीक्षक कञ्चन राजचल, सहायक प्रधानाध्यापक तेजीलाल साह, मञ्चका उपाध्यक्ष प्रकाश थारू, जागरण सामाजिक संस्थाका अध्यक्ष जीतेन्द्र पासवान, सामाजिक विकास समितिका सचिव बृजकिशोर साह, सुरेन्द्र यादव, शिवम् मेहता, नर्मदा श्रेष्ठलगायतको सहभागिता थियो ।

सो अवसरमा सहभागी छात्रहरूले आआफ्नो अभिभावकलाई दाइजोको लागि दबाब नदिन तथा लिंदै नलिन आफूहरूले दबाब दिने बताए । उनीहरूले दाइजो नलिने सवालमा हामीलाई भन्दा अभिभावकहरूलाई दबाब दिन कार्यक्रम आयोजकलाई आग्रह गरे । कार्यक्रममा लालबाबू सिंहले स्वागत र कन्हैया पटेलले सहजीकरण गरेका थिए ।

## वीरगंजमा प्रजातन्त्र दिवस मनाइयो

प्रस, वीरगंज, ७ फागुन/

प्रजातन्त्र दिवस, त्रिभुवन जन्मजयन्ती



तस्वीरः सौजन्य

तथा पूर्वमहारानी कोमल शाहको ७१औं जन्मोत्सव वीरगंजमा विभिन्न संस्थाहरूले मनाएका छन् ।

राप्रपा पर्साले प्रजातन्त्र दिवस विपी उद्यानमा मनाएको छ ।

कार्यक्रममा वक्ताहरूले संविधान र राज्य व्यवस्थाका अङ्गहरू फेल भइसकेका र जनतालाई सुख दिनुको साटो नेताहरूले झन् बढी दुःख दिइरहेको आरोप लगाए । उनीहरूले देश विकासभन्दा पनि विनाशतर्फ अग्रसर भइरहेको बताए । वक्ताहरूले देशमा भइरहेको आन्दोलनले सबैभन्दा बढी मधेसलाई घाटा भएको र मधेसबाट चुनाव जितेर गएका नेताहरूले जनतालाई आश्वासन बाँड्नुबाहेक कुनै काम नगरेको आरोप लगाए ।

अङ्गद ठाकुरको अध्यक्षतामा सम्पन्न कार्यक्रममा राप्रपाका वीरगंज महानगर अध्यक्ष जलेश्वर सर्राफ, उपाध्यक्ष अवध साह, राजेश गुप्ता, जनजातिका अध्यक्ष राजेश्वर चौधरी, राप्रपाका केन्द्रीय सदस्य शम्भु चौरसिया, उदित सहनी, रामबहादुर थापालगायतले मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रमको सहजीकरण सचिव अजय पौडेलले गरेका थिए ।

वीरगंजको महावीर स्थानमा राजभक्त/देशभक्त समूहका अध्यक्ष दीपेन्द्र रौनियारको अध्यक्षतामा भएको कार्यक्रममा राजकिशोर चौबे, पशुपति विक्रम शाह, उषा शाह, हीराबहादुर चन्द, सतीश श्रीवास्तव, वीरेन्द्र राम, वीरेन्द्र थापा, बाबूलाल शर्मालगायतले पूर्वमहारानी शाहलाई जन्मदिनको शुभकामना व्यक्त गरेका थिए । यसैगरी, उनीहरूले त्रिभुवन जयन्ती र प्रजातन्त्र दिवसको शुभकामना व्यक्त गरेका थिए ।

घण्टाघरमा राष्ट्रवादी संयुक्त मोर्चा (राजावादी)मा आबद्ध राष्ट्रिय सरोकार मञ्च, शिवसेना, विश्व हिन्दू महासङ्घ, देशभक्त/राजभक्त समूह, नेपाल राष्ट्रवाद सङ्घ, पर्सा–बारा, नेपाल विद्वत् परिषद्, राजसंस्था पुनर्स्थापना सङ्घर्ष समितिले दिवस मनाएका थिए ।

नेपाल राष्ट्रवाद सङ्घ पर्साका

(बाँकी अन्तिम पातामा)

## वसन्त...........

कार्यसित संलग्न प्रायः सबै घरबाट हलो हुनेले हलोको फाली, कोदाली, खुर्पी, हँसिया आदि कृषिऔजार उपकरणहरू लिएर केही अन्नका साथ लोहसारिमा आउने गर्दछन् । यस दिन लोहारले आफ्नो 'भाथी' (आरन) र 'नेहाई' (फलामको आधारस्तम्भ, जसमाथि तातो फलामलाई राखेर घन वा हथौडाले चोट हानिन्छ) लाई विशेषरूपले पूजा गरिराखेको हुन्छ । गाउँका मानिसहरू लोहसारिमा लिपेको स्थानमा अन्न राखिदिएपछि लोहारले उनीहरूको औजार, उपकरणहरूलाई तातो पारेर ठटाएर तीखो पारिदिने गर्दछ ।

यस दिन 'हलो–ठड्याउने' विधि गरिन्छ । परम्परागत कृषिकार्यमा खेत जोत्नका लागि उपयोगमा ल्याइने हलो (स्थानीय बोलीमा हर, हरीस, परिहत, लगना, किल्ली, पालो र दुईवटा कनैल गरी आठवटा) काठका सामग्रीहरूबाट तयार गरिएको हुन्छ । कृषिकार्यबाट उत्पन्न अन्नले सुख, समृद्धि र आनन्द प्रदान गर्ने भएकोले यस दिन हलोलाई लक्ष्मीरूप मानेर पूजा गरिन्छ । हलो–ठड्याउने विधि अन्तर्गत पिठार (अरबा चामलको पीठोको घोल) र सिन्दूरले हलोको अरिपन (चित्रविशेष) लेखिन्छ एवं हलोको काठमा पिठार–सिन्दूर लगाइन्छ । उक्त अरिपनमाथि पूर्वाभिमुख हलो समातेर 'हरबाह' (हलो जोत्ने मानिस, जसलाई अर्को शब्दमा जन पनि भनिन्छ) उभिएको हुन्छ तथा हलोको नासिका (फाली जडान गरिएको भाग) छोपिने गरी त्यसमाथि गृहस्थले यथा सामर्थ्य अन्न (प्रायः धान) खन्याउने गर्दछिन् । त्यो सबै अन्न हरबाहको हुन्छ । यस दिन हरबाहलाई नव–वस्त्रादि दिएर मीठो भोजन गराइन्छ, जसमा घ्यू, तरुआ (तरकारीका वस्तुलाई तारेर बनाइने परिकार विशेष), दही आदि समावेश गरिएका हुन्छन् । यस्तै यस दिन गोरुको 'खुर' (खुट्टाहरू)मा पूजा गरी भोजन खुवाइन्छ । यस दिन हरबाहलाई मनी दिइन्छ । मनी भनेको वार्षिकरूपमा दिइने तलब हो । यस क्षेत्रमा स्थानीय भाषामा अन्नको तौलको एकाइलाई मन भनिन्छ, जुन चालीस सेरको बराबर हुन्छ । मनको हिसाबले अन्न (प्रायः धान) दिइने भएकोले यसलाई मनी भनिएको हो । अर्कोतिर, यस दिनदेखि हरबाहको तलब वृद्धि गर्ने, हरबाहलाई बर्खास्त गर्ने, नयाँ हरबाह नियुक्त गर्ने एवं हरबाहले पनि नयाँ गृहस्थ रोज्ने जस्ता कार्यहरू हुने गर्दछन् ।

**सांस्कृतिक पक्षः–**

श्रीपञ्चमी पर्व विषयक सांस्कृतिक परम्पराबारे अध्ययन गर्दा यस क्षेत्रमा यस दिन आफ्ना बालबालिकालाई अक्षरारम्भ अर्थात् विद्यारम्भ तथा वेदारम्भ संस्कार गराउने गरिएको पाइन्छ । हिन्दूहरूले मानेका सोऱ्ह संस्कारमध्ये यी संस्कारहरू पर्दछन् । श्रीपञ्चमीलाई वसन्त–आगमनको सूचक मानिएकोले यस दिन वसन्त–श्रवण गर्ने परम्परा रहेको पाइन्छ । यस अन्तर्गत वसन्त–राग गायन र श्रवण गरिन्छ । यसबाट मानसिक स्वास्थ्यमा सकारात्मक प्रभाव पर्ने विश्वास गरिन्छ । सरस्वतीलाई सङ्गीतविद्याकी देवी पनि मानिन्छ । सङ्गीतशास्त्रमा रागको विशेष महत्त्व रहेको हुन्छ । राग भनेको स्वरहरूको आरोहण तथा अवतरणको यस्तो नियम हो, जसबाट सङ्गीतको रचना हुन्छ । राग शब्द संस्कृतको "रंज्" धातुबाट बनेको भन्दछन् । रंज्को अर्थ रङ्नु हुन्छ । जसरी एउटा चित्रकार तस्वीरमा रङ भरेर त्यसलाई सुन्दर बनाउँदछ, त्यसरी नै सङ्गीतज्ञले मन र शरीरलाई सङ्गीतका स्वरहरूबाट रङ्ने गर्दछ । राग प्रकृतिमा पूर्णतः व्याप्त रहने गर्दछ, यसको निर्माण गरिंदैन, अपितु यो आविष्कृत हुने गर्दछ भनी विद्वान्हरू भन्दछन् । वर्षका छवटै ऋतुका छवटा विशेष रागहरू मानिएका छन् । यसमा वसन्त ऋतुको हिंडोल राग, ग्रीष्मको दीपक, वर्षाको मेघ, शरदको मालकौंस, हेमन्तको श्री तथा शिशिर ऋतुको भैरव राग रहेका मानिन्छन् । राग वसन्त–हिंडोलमा आरोहका पाँच तथा अवरोहका सात स्वर हुन्छन् । यसलाई प्रसन्नता एवं उत्फुल्लताको राग भनिन्छ ।

यसैगरी, फागुन महीनामा पर्ने हर्ष र उल्लासको पर्व 'होली'को शुभारम्भ पनि यसै दिनदेखि हुने गर्दछ । यस दिन आआफ्ना कुलदेवतासमक्ष रातो अबिर चढाइन्छ तथा प्रसादस्वरूप निधारमा टीका लगाइन्छ । यस क्षेत्रको समाजमा यसै दिनदेखि रङ्ग र अबिरको प्रचलन आरम्भ हुन्छ । श्रीपञ्चमीदेखि 'धुरखेल' (चैत्र कृष्ण प्रतिपदा)सम्मको अवधिमा ज्वाइँ, भानिज, मान्यजन, कुटुम्ब आदिलाई रङ्ग–अबिर हालेर प्रेम–स्नेह–सम्मान प्रदर्शित गर्ने परम्परा रहेको पाइन्छ । श्रीपञ्चमीको दिनदेखि नै साँझपख 'डम्फ', मृदङ्ग र 'मजीरा' बजाएर सामूहिकरूपमा होरी (होली गीत विशेष) गाउन आरम्भ गरिन्छ । यस्तो होरी गीत प्रत्येक दिन रातिको समयमा गाउँका दलानहरूमा बसेर पुरुषवर्गद्वारा गाइन्छ ।

**निष्कर्षः–**

श्रीपञ्चमी वा वसन्तपञ्चमी पर्व नेपालको प्रदेश नं २ क्षेत्रको भूभागका साथै यसका सेरोफेरोमा रहेका अन्य क्षेत्रमा समेत एउटा विशेष महत्त्वको पर्वको रूपमा रहेको छ । श्रीपञ्चमी पर्वको सन्दर्भमा गरिने विधि–विधान तथा क्रियाकलापमा प्रचलित स्थानीय परम्पराको कारणले गर्दा कतिपय कुरामा फरकहरूसमेत देख्न सकिन्छ । वर्षभरिमा मनाइने अनेक पर्वहरू जस्तै यस श्रीपञ्चमी पर्वको पनि धार्मिक उपासना विषयक महत्त्वका साथै सामाजिक र सांस्कृतिक महत्त्व रहेका छन् । यस विषयमा अझ व्यापक अध्ययन र अनुसन्धानको अपेक्षा रहेको छ, जसबाट हाम्रा चाडपर्वका महत्त्वका विभिन्न आयामहरूमाथि प्रकाश पार्न सकियोस् ।

(त्रिभुवन विश्वविद्यालय, ठाकुर राम बहुमुखी क्याम्पस, वीरगंजको इतिहास शिक्षण विभागद्वारा शिशिर नवरात्रको अवसरमा फागुन ६गते बृहस्पतिवार आयोजित प्राज्ञिक गोष्ठीमा प्रस्तुत आलेख)

### आजको राशिफल

| | |
|---|---|
| मेष – अतिथिआगमन | वृष – सुयशः |
| मिथुन – खर्चवृद्धि | कर्कट – सफलता |
| सिंह – पदोन्नति | कन्या – राज्यलाभ |
| तुला – अलमल | वृश्चिक – व्यापारवृद्धि |
| धनु – शत्रुपराजय | मकर – सुसमाचार |
| कुम्भ – भयचिन्ता | मीन – राज्यलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे

# काङ्ग्रेसको ठोरी र धोबिनी गापामा वडासमिति गठन

प्रस, ठोरी, ७ फागुन/

ठोरी गाउँपालिकामा नेपाली काङ्ग्रेसको वडासमिति गठन भएको छ। गापाका पाँचवटै वडामा नेपाली काङ्ग्रेसको वडासमिति गठन भएको स्थानीय सन्तोष श्रेष्ठले बताए।





तस्वीरः प्रतीक

ठोरी गापामा नेकाका कार्यकर्ताहरू वडास्तरमा सक्रिय रहे पनि पार्टी कार्यालय नहुँदा पार्टीको गतिविधि सञ्चालनमा सहजता नभएको भन्दै समिति गठन गरिएको उनले बताए।

ठोरी गापा-१ दीपकनगर, २ गौतमनगर, ३ ब्रह्मनगर ढुङ्गेबजारमा पार्टी कार्यालय स्थापना गरिएको छ भने वडा नं ४ को विजयबस्ती र ५ को सुवर्णपुरमा वडासमिति गठन गरिएको छ।

यसैगरी, ठोरी गापासँगै पर्सा क्षेत्र नं ४ का सबै वडामा पार्टी कार्यालय स्थापना गरिएको बताइएको छ। मध्यावधि निर्वाचनलाई ध्यानमा राखेर नेपाली काङ्ग्रेसले वडास्तरबाट पार्टीको संरचना अगाडि बढाउने नीति राख्दै वडासमिति कार्यालय गठनमा तदारूकता देखाएको हो।

वडासमिति कार्यालयहरूको उद्घाटन गर्ने क्रममा प्रदेशसभा सदस्य शङ्करप्रसाद चौधरीले वीरगंज-ठोरी हुलाकी सडकखण्डमा नपरेको जीराभवानी गापाको गम्हरिया हुँदै सुवर्णपुर भएर ओरिया पुल जोड्ने सडक छिट्टै कालोपत्रे गर्ने आश्वासन दिए। उनले प्रदेशसभा सदस्यलाई पाँच किलोमिटर सडक कालोपत्रे बनाउने अधिकार प्रदेश सरकारबाट निर्णय भएबमोजिम आफूले सो ठाउँमा कालोपत्रे गर्ने बताए।

यसैगरी, नेपाली काङ्ग्रेसको धोबिनी गाउँपालिकामा वडासमिति गठन गरिएको छ। प्रजातन्त्र दिवसको अवसरमा धोबिनी गापाका पाँचवटै वडामा वडा कार्यालय सञ्चालनमा आएको छ। वडा नं १ का सभापति गणेश साह, २ का सभापति रामाशिष कुर्मी, ३ का सभापति वासुदेव तिवारी, ४ का सभापति मजिद मियाँ र ५ का सभापति गया यादवको अध्यक्षतामा आयोजित वडासमिति कार्यालय सञ्चालनको उद्घाटन प्रमुख अतिथि महासमिति सदस्य वशिष्ठनारायण कुर्मीले गरेका थिए।

कार्यक्रममा जोगिन्द्र साह, धर्मेन्द्र पटेल, बलिष्ठर अहमद, बन्धु साह, राजकिशोर पटेल, कर्मुल्लाह अन्सारीलगायतको सहभागिता थियो।

# प्रजातन्त्र दिवसको अवसरमा झन्डोत्तोलन

प्रस, सिम्रौनगढ, ७ फागुन/

सिम्रौनगढ नगरपालिकाले प्रजातन्त्र दिवसको अवसरमा झन्डोत्तोलन गरेको छ।



झन्डोत्तोलन गर्दै नगरप्रमुख यादव। तस्वीरः प्रतीक

नगरप्रमुख विजयशङ्कर यादवले झन्डोत्तोलन गर्दै प्रजातन्त्रको कारण एकतन्त्रीय शासन हटेको र जनताको छोराछोरीले राष्ट्र हाँक्ने मौका पाएको बताए।

उनले प्रजातन्त्र सर्वोत्तम व्यवस्था भएको र यसमा कसैको गुनासो नहुने, कसैले पनि आफ्नो अभिव्यक्ति दिन सक्ने बताए। उनले पहिलेका राम्रा कुरालाई सम्झेर अहिलेको लक्ष्य पूरा गर्नुपर्ने बताए।

नगरप्रमुख यादवको अध्यक्षतामा भएको कार्यक्रममा नायब सुब्बा राजु यादव, शिक्षा संयोजक नुराजम सिद्धिकीले मन्तव्य व्यक्त गरेका थिए।

कार्यक्रममा इप्रका सिम्रौनगढका प्रनि दीपक सुवेदी, सशस्त्र प्रहरी गोलागंजका विष्णु श्रेष्ठ, नगरप्रहरी प्रमुख रवीन्द्र यादवलगायतको सहभागिता थियो।

यसैगरी, सिम्रौनगढ नगरपालिकाले दिवसको अवसरमा वृक्षरोपण गरेको छ। नगरप्रमुख यादवले मलेसियाली सालको वृक्ष रोपेर कार्यक्रमको शुभारम्भ गरेका थिए।

कार्यक्रममा जनप्रतिनिधि, प्रहरी, कर्मचारी, स्थानीयको सहभागिता थियो। नगर क्षेत्रको सडकखण्डमा वृक्षरोपण गरिएको हो।

# गाँजासहित दुईजना पक्राउ

प्रस, मकवानपुर, ७ फागुन/

मकवानपुर प्रहरीले २५ किलो गाँजासहित दुई जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा जिल्लाको राक्सिराङ गाउँपालिका वडा नं १ पलासेका २१ वर्षीय नवराज थिङ र सोही ठाउँ बस्ने २० वर्षीय बाबुराम थोकर छन्।

जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट खटिएको विशेष टोलीले हेटौंडा उपमहानगरपालिका-११ बाट ना.१ह ७२३६ नम्बरको अटोको पछाडिको सिटमा गाँजा लुकाएर राखेको अवस्थामा उनीहरूलाई पक्राउ गरिएको प्रहरी नायब उपरीक्षक इन्द्रबहादुर रानाले जानकारी दिए। पक्राउ परेका थिङ अटोचालक हुन्। उक्त गाँजा पर्सा जिल्लातर्फ पठाउने तयारीमा ओसारपोसार भइरहेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ। उनीहरूमाथि थप अनुसन्धान भइरहेको उनले बताए।




## वीरगंजमा......

अध्यक्ष जनकलाल साहको अध्यक्षता तथा केन्द्रीय अध्यक्ष सतीश श्रीवास्तवको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा अध्यानन्दप्रसाद कलवार, सुनील यादव, राजकिशोर चौबे, पृथ्वी झा, दीपेन्द्र रौनियार, सङ्गीतादेवी साह, उमाशङ्कर कलवार, राजेन्द्र पाल, अच्छेलाल साह, बजरङ्गी साहलगायतले मन्तव्य व्यक्त गरेका थिए।

यसैगरी, राष्ट्रिय सरोकार मञ्चले पनि घण्टाघरमा दिवस मनाएको थियो। मञ्चका संयोजक नन्दकिशोर गोयलको अध्यक्षतामा भएको कार्यक्रममा वक्ताहरूले नेपाली जनता अहिले पनि नचेते आउँदो दिनमा सन्तति विदेशीको दास बन्नुपर्ने चेतावनी दिए। उनीहरूले वर्तमान परिस्थितिमा राजाबाहेकको विकल्प नरहेको पनि बताए। कार्यक्रममा पशुपति विक्रम शाह, उषा शाहलगायतले मन्तव्य व्यक्त गरेका थिए।

## सच्याइएको

यस दैनिकको २०७७ फागुन ७ गते शुक्रवार अन्तिम पातामा प्रकाशित 'ठाराबमा प्राज्ञिक गोष्ठी' शीर्षक समाचारमा उमा मिश्र हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ। -संवाददाता

# खेलकूदको संसार

## महिला टी-२० क्रिकेट प्रतियोगितामा कलैया विजयी

प्रस, सिम्रौनगढ, ७ फागुन/

प्रजातन्त्र दिवसको अवसरमा सिम्रौनगढ नगरपालिका-६ मा शुक्रवार महिला टी-२० क्रिकेट प्रतियोगिता भएको छ। सिम्रौनगढ फूलबारी मैदानमा प्रतियोगिताको उद्घाटन नगरप्रमुख विजयशङ्कर यादवले गरेका थिए।

वडाध्यक्ष शङ्करसाह कानूको अध्यक्षतामा भएको खेलमा कलैया क्रिकेट टीमले राइजिङ क्रिकेट टीमलाई ८ विकेटअन्तरले





तस्वीरः प्रतीक





पराजित गऱ्यो। टस जितेर पहिलो ब्याटिङ गरेको काठमाडौं राइजिङ क्रिकेट क्लबले निर्धारित २० ओभरको खेलमा १२ ओभरमा अलआउट हुँदै ३५ रन बनाएको थियो। प्रतिउत्तरमा कलैया क्रिकेट क्लबले ८ ओभरमा २ विकेटको क्षतिमा लक्ष्य हासिल गरी ८ विकेटले जीत हासिल गरेको हो।

खेलको वुमन अफ द म्याच कलैया क्रिकेट क्लबकी रोजी कडारी भइन्। उनले प्रतियोगितामा चार विकेट लिएकी थिइन्। आजको प्रतियोगितामा विजयी कलैया क्रिकेट टीमकी कप्तान निशा गिरीलाई नगरप्रमुख यादवले शिल्ड प्रदान गरेका थिए।

## पर्सागढी गोल्डकपः वीरगंज युनाइटेड र फ्युजन क्लब उपाधि जित्ने होडबाजीमा

बलिराम शुक्ला, बिरुवागुठी, ७ फागुन/

पर्सागढी नगरपालिका-३ बढनिहारमा जारी तेस्रो पर्सागढी गोल्डकप फूटबलको उपाधिको लागि शनिवार हुने फाइनल खेलमा दुवै टीमले जीतको दाबेदारी गरेका छन्।





तस्वीरः फाइल

वीरगंज युनाइटेड क्लब र फ्युजन क्लब गाईघाट उदयपुरले फाइनल खेलको उपाधि जित्ने दाबी गरेका छन्। वीरगंज युनाइटेडका कप्तान मुन्ना चौधरीले पर्सागढी गोल्डकपको यसअघिका दुईवटा उपाधि आफ्नो क्लबले जितेको र तेस्रो जितेर ह्याट्रिक गर्ने बताए। उनले आफ्नो क्लबका खेलाडी संयमित र अनुशासित भएर उत्कृष्ट खेल खेल्दै आएको र फाइनलमा पनि यसलाई निरन्तरता दिँदै उपाधि जित्ने दाबी गरे।

फ्युजन क्लब उदयपुरका कप्तान सुदीश श्रेष्ठले आफ्नो क्लब पर्सागढी गोल्डकपमा पहिलोपटक सहभागी भएको बताए। उनले पहिलोपटक सहभागी भएपनि क्लबमा युवा खेलाडीहरू भएको र आत्मबल बलियो भएको कारण उपाधि जित्ने दाबी गरे। उनले दुई वर्ष लगातार विजयी वीरगंज युनाइटेडलाई यसपटक ह्याट्रिक गर्न नदिने बताए।

लकडाउनको कारण गत वर्षको यो प्रतियोगिता स्थगित भएको थियो। त्यसअघि भएका दुईवटा प्रतियोगितामा वीरगंज युनाइटेडले विजय हासिल गरेको थियो। यसपटक प्रतियोगितामा वीरगंज युनाइटेडले हेटौंडा र वाग्मती युवा क्लब सर्लाहीलाई ० विरुद्ध २ गोलअन्तरले पराजित गर्दै फाइनलमा प्रवेश गरेको हो।

यसैगरी, फ्युजन क्लब गाईघाटलाई हर्दी समाज राप्ति चितवनलाई १ का विरुद्ध ३ गोलअन्तरले र आयोजक आमोदेवी युवा क्लबलाई ० का विरुद्ध २ गोलअन्तरले पराजित गरी फाइनलमा प्रवेश गरेको हो। प्रतियोगिता आयोजक कमिटीका आमोदेवी युवा क्लबका अध्यक्ष शम्भुदास थारूले फाइनल खेल निकै प्रतिस्पर्धात्मक र रोमाञ्चक हुने बताए। उनले प्रतियोगितामा जनसहभागिता बढ्दै गएको र खेलप्रति आकर्षण पर्साको ग्रामीण क्षेत्रमा फैलिरहेको बताए। उनले प्रतियोगिताको उपाधि जित्नेलाई रु १ लाख ५० हजार र उपविजेतालाई रु ५५ हजार पुरस्कारको व्यवस्था गरिएको जानकारी गराए।

# चित्र/वक्तृत्वकला प्रतियोगिता

प्रस, सेढवा, ७ फागुन/

वर्ल्ड एडुकेशनको सहयोग तथा नेपाल सरकारको समन्वयमा आसमान नेपालले पोखरियामा चित्र तथा वक्तृत्वकला प्रतियोगिता गरेको छ।




तस्वीरः सौजन्य

जिल्ला उच्चाङ्गल रामदेव कलवार प्राविधिक नमूना आधारभूत विद्यालय पोखरियामा 'सुरक्षित सिकाइको मूल आधार, बाल संरक्षण हामी सबैको सरोकार' नाराका साथ शुरू भएको वक्तृत्वकला प्रतियोगिताको उद्घाटन पोखरिया नपाकी उपप्रमुख सलमा खातुनले उद्घाटन गरेकी थिइन्। विद्यालयका प्रअ व्यास महतोको अध्यक्षतामा भएको उद्घाटन समारोहमा निमित्त प्रमुख प्रशासकीय अधिकृत विजयकुमार झा, सुरक्षित सिकाइ कार्यक्रमका अधिकृत कृति केसी, शिक्षा संयोजक बलदेव भट्टलगायत विभिन्न विद्यालयका प्रअहरूले मन्तव्य व्यक्त गरेका थिए।

लैङ्गिक हिंसा न्यूनीकरण, बाल संरक्षण विषयमा भएको प्रतियोगितामा नेरा आधारभूत विद्यालय जगतपुरकी निभाकुमारी मलाहा प्रथम, नेरा आधारभूत विद्यालय सतवरियाकी सकिला खातुन द्वितीय र जिल्ला उच्चाङ्गल रामदेव कलवार प्राविधिक नमूना विद्यालयकी अनु गुप्ता तृतीय भएका थिए।

प्रतियोगितामा १८ वटा प्राथमिक विद्यालयका एक/एक जना छात्रछात्राहरूलाई सहभागी गराइएको थियो। प्रतियोगितामा उत्कृष्टहरूलाई शैक्षिक सामग्री वितरण गरिएको थियो।

# पोखरीमा शव फेला

प्रस, रक्सौल, ७ फागुन/

रक्सौल थाना प्रभारी कार्यालयअगाडि रहेको सूर्यमन्दिरको पोखरीमा एकजनाको शव फेला परेको छ। बरामद शवको सनाखत हुन सकेको छैन। शुक्रवार एकाबिहानै शव फेला परेको र सोको जानकारी थाना अध्यक्ष सब-इन्स्पेक्टर अभय कुमारलाई गराइएको थियो।

शवलाई झिकेर सोबारे अनुसन्धान भइरहेको सब-इन्स्पेक्टर अभय कुमारले बताए। उनले शवको सनाखत नभए पनि सडक फूटपाथमा भीख मागेर गुजारा गर्ने मानिस भएको र भवितव्यवश पोखरीमा डुबेर मृत्यु भएको हुन सक्ने प्रारम्भिक अनुसन्धानबाट खुलेको बताए। उनले शव शल्यपरीक्षणको लागि मोतीहारी पठाएको र थप अनुसन्धान भइरहेको जानकारी गराए।